गौरी

मासिक पत्रिका

GAURI MASIK

वर्ष ५८, अङ्क ८, २०८० वैशाख, पूर्णाङ्क २०४

ISSN 2091-1629

मूल्य रु. ५५/-

मायादेवी मन्दिर
लुम्बिनी

साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड
द्वारा प्रवर्द्धित
STC ग्याँस
तौल पूर्ण, सुरक्षा सम्पूर्ण
- ISI स्टाण्डर्डको भित्र बाहिर रबर कोट भै बीचमा स्टिलको जाली भएको ३ तहको होजपाइप
- उच्च गुणस्तरको रेगुलेटर
- पुनः प्रयोग गर्न न सकिने प्लाष्टिक सिल भएको सिलिण्डर
- कम्प्यूटर प्राविधिबाट चल्ने प्लान्ट, तौलमा सोह्रै आना ढुक्क हुनुहोस्
गृहिणी
चामल
साल्ट ट्रेडिङ्ग समूहका उत्कृष्ट खाद्य बस्तुहरु

श्री गणेशाय नमः
मङ्गलं भगवान् विष्णुः मङ्गलं गरूडध्वजः ।
मङ्गलं पुण्डरीकाक्षः मङ्गलाय तनोहरिः ॥
शुभकामना !
यस पत्रिकाकी सल्लाहकार, शुभचिन्तक आदरणीय श्रीमती कमला बस्नेत तथा कमल बस्नेत ज्यूको शुभ-विवाह को ५० औं बर्षगाँठको सुखद् उपलक्ष्यमा उहाँहरुको सुखद दाम्पत्य जीवन, दीर्घायु तथा सु-स्वास्थ्यको कामना गर्दै हार्दिक शुभकामना अर्पण गर्दछौं ।
गौरी मासिक पत्रिका

संवित परामर्श मण्डल
आबाल ब्रह्मचारी कविराज देवराज आचार्य
प्रा. शिवगोपाल रिसाल
डा. बिनु बाबा अर्याल
सल्लाहकार
श्रीमती गङ्गा कार्की
श्रीमती माधवी नेपाल
श्रीमती शिवा रिमाल
श्रीमती सीता श्रेष्ठ, खड्का
श्रीमती कमला बस्नेत
श्री नवराज लामिछाने
श्री मोहन चौधरी
प्रकाशक/सम्पादक
अर्जुन लामिछाने (९८५१०५३६०१)
व्यवस्थापक
बिदुरप्रसाद अधिकारी
सहयोगी
बिनीता पाठक
साजसज्जाः
बिपीनचन्द्र सोडारी
मुद्रकः किशोर अफसेट प्रेस
अध्यात्म ज्ञान लिनु र दिनु परम धर्म हो ।
एक प्रतिको रू. ४५/-
वार्षिक सदस्यता शुल्क रू. ५००/-
आजीवन सदस्यता शुल्क रू. ५,०००/-
ग्राहक बनेर गौरीको प्रकाशनमा टेवा पुऱ्याइ पुण्य कमाउनुहोस् ।
यस पत्रिकामा प्रकाशित लोख रचनाहरू लेखकका व्यक्तिगत विचार हुन्- सम्पादक

कार्यालय
भुवनेश्वरीमार्ग, पशुपति, काठमाडौं
फोन नम्बर- ९८०३८८८६६७, ९८०३०९२४१७
इमेलः- gauri_2062@yahoo.com / masikgauri@gmail.com

वितरक
विश्व स्वतन्त्र संचार
नयाँबानेश्वर, काठमाडौं, फोन नं.: ९८५१०३०९७२

पूर्वाञ्चल प्राप्ति स्थान-
वैदिक संस्कार तथा सामग्री प्रतिष्ठान
विर्तामोड, झापा ।
फोन- ०२३-५४४४४९

पश्चिमाञ्चल प्राप्ति स्थान
लुम्बिनी पूजा सामग्री प्रतिष्ठान, बुटवल
फोन- ०७१-५४३४०१

जि. प्र. का. द. नं. ५२/०६२/०६३

हे गौरि शंकरार्धाङ्गि यथा त्वं शंकरप्रिया ।
तथा मां कुरु कल्याणि कान्तकान्तां सुदुर्लभाम् ॥

वर्ष १८, अङ्क ८, २०८०, पूर्णाङ्क २०४

शुक्रबार	१	८	१५	२२	२९
शनिबार	२	९	१६	२३	३०
आइतबार	३	१०	१७	२४	३१
सोमबार	४	११	१८	२५	गौरी
मङ्गलबार	५	१२	१९	२६	गौरी
बुधबार	६	१३	२०	२७	गौरी
बिहीबार	७	१४	२१	२८	गौरी

गौरीको अनुरोध.....!

यस गौरी मासिकको बार्षिक या आजीवन सदस्यता लिएर पनि पत्रिका नपाउनु भएका पाठकवृन्दहरूले कार्यालयमा सम्पर्क गरी छुटेका पत्रिकाहरू संकलन गर्नुहुन अनुरोध छ ।

कार्यालयः भुवनेश्वरी मार्ग, पशुपति
सम्पर्कः ९८४१५३३७८७, ९८०३८८८६६७
९८५१०५३६०१

श्रीमद्भागवतमहापुराण

अघिल्लो अंकबाट क्रमशः

वर्णाश्रमधर्म निरूपण

भगवान् श्रीकृष्णले प्रसन्न भएर आफ्ना प्रियसखा उद्धवलाई सनातन धर्महरूको उपदेश गर्दै भन्नुभयो– मित्र ! सत्ययुगमा मानिसहरूको 'हंस' नाम गरेको एउटै वर्ण थियो। त्यस युगमा सबै मानिस जन्मेदेखि नै कृतकृत्य हुन्थे, यस कारण त्यसको नाम 'कृतयुग' पनि हो। त्यति बेला केवल 'प्रणव' नै वेद थियो र तप, शौच, दया एवम् सत्य यी चार चरणहरूले युक्त म नै वृषभरूपधारी धर्म थिएँ। त्यस युगका भक्तजन म हंसस्वरूप परमात्माको उपासना गर्थे।

त्रेतायुगमा ऋग्वेद, सामवेद र यजुर्वेदको त्रयीविद्या प्रकट भयो र विद्याबाट यज्ञका रूपमा म प्रकट भएँ। म विराट् पुरूषका मुखबाट ब्राह्मण, बाहुबाट क्षत्रीय, तिघ्राबाट वैश्य र पाउबाट शूद्रको उत्पत्ति भयो। उनीहरूको चिनारी तिनीहरूका आआफ्ना आचरणले हुन्छ। विराट् पुरूषका उरूस्थलबाट गृहस्थाश्रम, हृदयबाट ब्रह्मचर्याश्रम, वक्षस्थलबाट वानप्रस्थाश्रम र मस्तकबाट संन्यासाश्रमको सृष्टि भएको छ। यी वर्णहरू र आश्रमहरूका मानिसहरूको स्वभाव पनि जन्मस्थानहरूअनुसार उत्तम, मध्यम र अधम भए।

उद्धव ! चारै वर्णहरू र चारै आश्रमहरूका निम्ति साधारण धर्म यो हो कि मानिस मन, वाणी र शरीरले कुनै पनि प्राणीको हिंसा नगरोस्। सत्यमा दृढ रहोस्, चोरी नगरोस्, काम, क्रोध र लोभदेखि अलग्ग रहोस् र जुन कर्महरू गर्नाले सबै प्राणीहरूलाई प्रसन्नता र तिनीहरूको भलो होस् तिनै कर्महरूलाई त्यसले गरोस्। शौच, सरलता, तीर्थसेवन र शरीरको संयम यी सबैका निम्ति एकै समानका नियम हुन्।

शम, दम, तपस्या, पवित्रता, सन्तोष, क्षमाशीलता, सरलता, ईश्वरभक्ति दया र सत्य यी ब्राह्मणवर्गका स्वाभाविक गुण हुन्। ब्राह्मणले दान लिने वृत्तिलाई तपस्या, तेज र यज्ञको नाश गर्ने हुन् यस्तो ठानेर पढाउने र यज्ञ गराउने कर्मद्वारा नै आफ्नो जीवननिर्वाह गरोस्। जुन ब्राह्मणले आफ्नो धर्मको निष्कामभावले पालन गर्छ, सन्तोषपूर्वक आफ्नो जीवननिर्वाह गर्छ र अनासक्त भावले आफ्नो अन्तस्करण र आत्मा मलाई समर्पण गर्छ त्यसले संन्यास नलिएर नै मेरो परमपद प्राप्त गरिहाल्छ।

तेज, बल, सहिष्णुता, वीरता, उदारता, उद्योगशीलता, स्थिरता, ब्राह्मणभक्ति र ऐश्वर्य यी क्षत्रियका स्वभाविक गुण हुन्। राजाले पितातुल्य सारा प्रजालाई कष्टबाट रक्षा गरोस् र धैर्यपूर्वक स्वयम् आफ्नो पनि उद्धार गरोस्। जुन राजाले यस प्रकार प्रजाको रक्षा गर्छ, त्यो पापमुक्त भएर अन्त्यमा स्वर्गलोक प्राप्त गर्छ।

आस्तिकता, दानशीलता, दम्भहीनता, कृषि, गोरक्षा र व्यापार यी वैश्यका स्वाभाविक गुण हुन्। गाई, देवता र स्वामीको परिचर्या यी शूद्रहरूका स्वभावजन्य गुण हुन्। यदि ब्राह्मणले अध्यापन अथवा यज्ञयागादिले आफ्नो जीविका चलाउन सक्तैन भने वैश्यवृत्ति अथवा क्षत्रियवृत्तिले पनि आफ्नो निर्वाह गर्न सक्छ। क्षत्रिय पनि प्रजापालन आदिबाट जीवननिर्वाह गर्न सक्तैन भने त्यसले वैश्यवृत्तिलाई अंगाल्न सक्छ। तर उद्धव ! यो व्यवस्था आपत्तिकालका लागि मात्र हो।

ब्रह्मचारीले पवित्रताका साथ, अग्नि, सूर्य, आचार्य, गाई, ब्राह्मण, वृद्धजन र देवताहरूको उपासना गर्नुपर्छ तथा बिहान र बेलुका सन्ध्योपासना र गायत्रीको जप गर्नुपर्छ। जबसम्म विद्याध्ययन समाप्त हुँदैन, त्यसले यो भाव राख्नुपर्छ कि सबैका हृदयमा परमात्माको वास समानरूपले छ। वेदाध्ययन समाप्त गरिसकेपछि ब्रह्मचारीले गृहस्थ अथवा वानप्रस्थाश्रममा प्रवेश गर्नुपर्छ। गृहस्थले विविध सत्कर्महरूको अनुष्ठानद्वारा ऋषिहरूको, देवताहरूको, पितृहरूको, अतिथि-अभ्यागतहरूको तथा समस्त प्राणीहरूको यथाशक्ति दिनदिनै सेवापूजा गर्दै रहनुपर्छ। उसले कुटुम्बपरिवारमा लिप्त हुनु हुँदैन। जसले शरीरमा अहङ्कार र घरगृहस्थीमा ममता राख्दैन, त्यसलाई गृहस्थीको पासोले बाँध्न सक्तैन। भक्तिमान् गृहस्थ शास्त्रोक्त कर्महरूद्वारा मेरो आराधना घरमा नै रहोस्। यसरी गृहस्थले आफ्नो धर्मपालनद्वारा अन्तस्करण शुद्ध गरेर झट्टै मलाई प्राप्त गरिहाल्छ।

क्रमशः

सम्पादकीय

सार्थक जीवन

समय गतिशील छ । समयको गतिसँगै कुनै पनि मानिस बालक, जवान र बृद्ध हुँदै एकदिन यो संसारबाट विदा हुन्छ । मानिस मात्र होइन सृष्टिका सबै प्राणी या वनस्पतिको सृष्टि, स्थिति र प्रलय हुन्छ । प्राणीहरूमध्ये मानिस चिन्तनशील एवम् विवेकशील भएको हुनाले उसले आफ्नो जीवनलाई सार्थक बनाउन चाहन्छ ।

हामी वैदिक सनातन धर्मावलम्बी हौं । यो धर्मले पूर्वजन्म र पुनर्जन्ममा विश्वास गर्दछ । कुनै पनि जीव जन्म मृत्युको चक्करमा घुमिरहने क्रममा उसले अनेकौं चोला परिवर्तन गर्दछ । ती चोलामा विचरण गर्ने क्रममा प्राप्त हुने मानव चोला सर्वोत्कृष्ट चोला हो; स्वयं देवता समेत यो चोला प्राप्त गर्न लालायित हुन्छन् भन्ने धार्मिक मान्यता छ । जीवन सार्थक त्यतिबेला हुन्छ जब उसले यो जन्ममा सुख, शान्ति र आनन्द प्राप्ति गर्दै मृत्युपछि मोक्ष प्राप्त गर्दछ ।

मानव जीवनलाई सुखी र सार्थक तुल्याउन साथै धर्म, अर्थ, काम र मोक्ष सहितको पुरुषार्थको प्राप्त गर्न धार्मिक अनुष्ठानको पनि महत्वपूर्ण भूमिका हुन्छ । र, वैदिक सनातन धर्ममा कुनै पनि धार्मिक कृयाकलाप तथा अनुष्ठानहरू आयोजना गर्न मूहुर्त या साइतलाई विशेष ग्राह्यता दिइएको छ । शास्त्रले हरेक धार्मिक कार्यक्रमको निम्ति निश्चित साइतका साथै सम्पन्न गर्ने निश्चित विधिविधान निर्धारण गरेका छन् । त्यसैले कुनै पनि धार्मिक कृयाकलापबाट अपेक्षित फल प्राप्त गर्न शास्त्रीय मर्यादालाई अनुसरण गर्नु अपरिहार्य छ । अन्त्यमा नयाँ वर्ष २०८० को पावन अवसरमा गौरी मासिक पत्रिकाका शुभेच्छुक शुभचिन्तक एवम् सहयोगी सबैमा हार्दिक मङ्गलमय शुभकामना ! अस्तु,

यसभित्र

अविच्छिन्न

श्रीमद्भागवत महापुराण २

सम्पादकीय ३

कविता

वसन्त ऋतु मन्दिरा सेढाईं ४

गीताज्ञान

सांख्ययोग आचार्य खेमराज केशवशरण ५

स्तुति

ॐ महामणि पद्मोऽ...: प्रा.डा. ऋषिराम पोखरेल ७

आध्यात्मिक वार्ता

भक्तहरूका साथ... श्रीमहेन्द्रनाथ गुप्त श्री 'म' ८

रहस्य

देवी सीताको .. सहप्रा. डा. विनुबाबा अर्याल १०

ज्योतिष विज्ञान

बैशाख, सूर्य र.. हरिप्रसाद सोडारी १५

अन्तरवार्ता

महयज्ञ शास्त्रीय.... प्रखरजी महाराज १८

समसामयिक

बुद्धः जाति... घनश्याम कोइराला २१

उपासना

सत्यदेवी.... केशवप्रसाद चौलागाईं २५

पुराण पात्र

श्रीकृष्णप्रेमी अक्रुर मोहनप्रसाद आचार्य २७

चिन्तन

चेतन यात्रा डा. चिन्तामणि नाथ योगी ३०

इतिहास

रावणपाटी श्रीकृष्ण डंगोल ३०

गतिविधि ३५

कविता

वसन्त ऋतु

✍ मन्दिरा सेढाईं

ऋतुराजको बहारले धर्ती जगमगायो
फुलेछन् कि जाई जुई गाउँ नै मगमगायो ।

लेकमा फुले लालिगुराँस बेसी पैयूँ फुल्दा
तराईका फाँटहरूमा गहुँका बाला झुल्दा ।

हिमालको शिरबाट हिउँ पग्लेर झर्दा
गोठालाले भ्यारे गाउँछन् भेडा चौरी चर्दा ।

चिलाउनेले पात फेर्‍यो काप्रो पिपल त्यस्तै
प्रकृतिले रंग फेर्‍यो देशको हालत यस्तै ।

खोल्सा खोल्सी मुहानहरूमा रसाउन थाले
नेपाली हुँ आफ्नो देशमा नै रमाउने खाले । ❖

-मलेखु धादिङ

'समृद्ध राप्ती नगरको आधारः कृषि, पर्यटन र पूर्वाधार'

हार्दिक शुभकामना

नव वर्ष २०८० को पावन अवसरमा नगरवासी सहित देश विदेशमा रहनुहुने समस्त नेपाली दाजुभाइ, दिदीबहिनीहरूमा सुख, शान्ति र समृद्धिको कामना सहित हार्दिक शुभकामना अर्पण गर्दछौं ।

जन्म, मृत्यु, विवाह, बसाइसराइ र सम्बन्ध विच्छेद लगायतका व्यक्तिगत घटनाहरू घटना घटेको ३५ दिनभित्र आफ्नो वडा कार्यालयमा दर्ता गरौं/गराऔं ।

शमशेर लामा	देवेन्द्र लामा	नीलमकुमार न्यौपाने
प्रमुख	उपप्रमुख	प्रमुख प्रशासकीय अधिकृत

राप्ती नगरपालिका
भण्डारा, चितवन

गीता द्वितीय अध्याय

सांख्ययोग



–आचार्य खेमराज केशवशरण

अव्यक्तोऽयमचिन्त्योऽयमविकार्योऽयमुच्यते ।
तस्मादेवं विदित्वैनं नानुशोचितुमर्हसि ।२५।

अन्वय : अयम्, अव्यक्तः, अयम् अचिन्त्यः, अयम् अविकार्यः उच्यते । तस्मात् वं विदित्वा एवम् अनुशोचितुं, न अर्हसि ।

साधारणार्थ : यो आत्मा अव्यक्त (देखा नपर्ने) छ । यो अचिन्त्य छ (चिन्तन गरेर नसकिने) छ । यो अविकार्य (विकार पैदा गर्न नसकिने) छ भनेर बताइएको छ । त्यसैले यस कुरालाई बुझेर यस आत्माबारे तिमीले शोक गर्नु हुँदैन ।

भावार्थ-चन्द्रिका : आत्मा अणुरूप छ, अतिसूक्ष्म छ । यसलाई कुनै पनि इन्द्रियको गतिले पक्रिन सक्तैन । न आँखाले यसलाई देख्न सकिन्छ, न कानले यसलाई सुन्न सक्दछ । न जिब्रोले चाख्न सक्छ, न नाकले सुँघ्न सक्छ । न त छालाले छुन नै सक्दछ । साक्षात्कारका यी सबै माध्यम आत्माका लागि अपर्याप्त छन् । त्यसै गरी ज्ञानेन्द्रियभन्दा परको सूक्ष्म मनले पनि यसलाई मनन गर्न सक्तैन । यसको चिन्तन गर्नु सम्भव छैन ।

शरीरमा बाल्यावस्था, युवावस्था, प्रौढावस्था, बृद्धावस्था जस्ता विभिन्न अवस्थाहरू आइपरे झैं आत्मामा यी परिवर्तनहरू, यी विकारहरू कहिल्यै आउँदैनन् । त्यसैले आत्मा अविकार्य छ । सम्पूर्ण स्थूल सृष्टिको कारण बनेको प्रकृतिभित्र पनि महतत्त्व आदि विकृतिहरूको आविर्भाव हुन्छ । परन्तु विकृतिहरूदेखि शुद्ध प्रकारबाट मुक्त भएको स्वरूप चाहि यस आत्माको हुन्छ । यसैलाई यहाँ अविकार्यौयमुन्यऽयमुच्यते भनेर व्यक्त गरिएको छ । एवं विदित्वा भनेर यहाँ उल्लेख गरिएको आत्माका सम्वन्धमा शुरूदेखि नै भनिएका सबै कुरातिर दृष्टि दिनका लागि हो ।

त्यसैले यसरी आत्मालाई अच्छेद्य, अदात्द्य, अक्लेद्य, अशोष्य, नित्य, सर्वगत, स्थाषु, अचल, सनातन, अव्यक्त, अचिन्त्य र अविकार्य रूपमा सम्झी यसका लागि कहिल्यै कसैले शोक गर्नु हुँदैन भन्ने तात्पर्य यस श्लोकबाट व्यक्त हुन्छ ।

अथ चैनं नित्यजातं नित्यं वा मन्यसे मृतम् ।
तथापि त्वं महाबाहो नैवं शोचितुमर्हसि ।२६।

अन्वय : हे महावाहो ! अथ च एनं नित्यजातं मन्यसं, नित्यं मृतं वा मन्यसे तथापि त्वम् एवं शोचितुं न अर्हसि ।

सरलार्थ : हे महाबाहु अर्जुन ! यदि यसलाई नित्यै जन्मिने अथवा नित्यै मर्ने नै मान्छौ भने पनि तिमीले यसरी शोक गरेको सुहाउँदैन ।

भावार्थचन्द्रिका : अर्जुन ! यदि आत्मालाई जन्मिरहने अथवा मरिरहने नै मान्ने हो भने पनि तिमी जस्ता बुद्धिमान व्यक्तिले शोक गरेको पटक्कै सुहाउँदैन । किनभने जो जन्मिन्छ त्यो अवश्यै मर्दछ अनि जो मर्दछ त्यो अवश्यै जन्मिन्छ । शरीरमा जन्मिने र मर्ने प्रकृया निरन्तर चलिरहन्छ ।

शरीर नित्य जन्मिरहेको र मरिरहेको हुन्छ । आत्माको रजसँग मिस्सिन आउने सूक्ष्मको सूक्ष्म जीवाणु पुष्ट भएर शिशुको रूपमा परिणत हुन्छ । एउटा मृत्यु र जन्म यही भइसक्दछ । पहिलो रूप छोड्नु मृत्यु नै हो । दोश्रो रूपमा देखापर्नु जन्म नै हो । त्यसै गरी विभिन्न चरणमा विभिन्न परिवर्तनहरू पार गर्दै जन्मिदै र मर्दै शरीर बूढो हुन्छ । दुनियाँको बोलीमा समेत मर्ने अवस्थामा पुगेर प्राण त्याग्न पुग्दछ ।

यदि शरीरमा आउने जन्म र मृत्युको यो नित्य प्रवाह जस्तै आत्ममा समेत जन्म र मृत्युको नित्य प्रवाह मान्ने हो भने पनि तिमीजस्ता समझदारले शोक गर्नु उचित हुँदैन । किनभने यो त प्रकृतिको नियमित प्रकृया नै हो । जन्मेकाले मर्नु पर्दछ । अनि यो नभइनछोड्ने कुराका लागि शोक गर्नु कसरी उचित मान्न सकिएला ? त्यसैले आत्माको अमरतासम्बन्धी सिद्धान्तलाई मान्यता नदिने हो भने पनि यसरी शोक गर्नु उचित हुँदैन ।

जातस्य हि ध्रुवो मृत्युर्ध्रुवं जन्म मृतस्य च।
तस्मादपरिहार्येऽर्थे न त्वं शोचितुमर्हसि।२७।

अन्वय : जातस्य हि मृत्युः ध्रुवः मृतस्य जन्म च ध्रुवम्। तस्मात् अपरिहार्ये अर्थे त्वं शोचितुं न अर्हसि।

सरलार्थ : निश्चय नै जन्मेकाको मृत्यु हुन्छ र मरेकाको जन्म पनि निश्चित छ। त्यसैले यस्तो कसै गरी टार्नै नसकिने विषयमा तिमीले शोक गर्नु हुँदैन।

भावार्थचन्द्रिका : भरसक युद्ध हुनै नपाओस्, पाण्डव र कौरवहरू सन्धि गरेर मिलेर बसून् भनेर नै भगवान् श्रीकृष्ण पाण्डवहरूको प्रार्थना अनुरूप स्वयं दूत बनेर कौरवसभामा पुग्नुभयो। तर दुर्योधनको दुर्विचारले गर्दा युद्ध नलडी नहुने हुन आयो। अब युद्धको मैदानमा उत्रिनु परिसकेपछि बन्धुजन मर्लान् वंश विनाश होला भन्ने जस्तो चिन्ता अर्जुन गरिरहेछन्। त्यस व्यामोदृपूर्ण सोचाइलाई समाधान दिंदै भगवान् यहाँ अर्जुनलाई सम्झाउनु हुन्छ, जन्मेर आएको कुनै पनि व्यक्तिले आफ्नो मृत्युलाई टार्न सकेको इतिहासमा पाइन्न। जन्मेकाको मृत्यु कसै गरे पनि टर्न सक्तैन। त्यसैले यो विषय अपरिहार्य छ, टार्न नसकिने छ। जसरी जन्मेकाको मृत्यु अपरिहार्य छ, त्यसै गरी भक्तिद्वारा ज्ञान प्राप्त गरेर, आत्मानुभूति गरी मुक्त हुने स्थितिमा नपुगुञ्जेल मरेकाको जन्म पनि अपरिहार्य नै हुन्छ। जन्म र मृत्युको यो क्रम नित्य चलिनै रहन्छ।

सूर्य र चन्द्र बिहानको समयमा विस्तारै उदाउँछ विस्तारै आफ्नो निर्धारित समयपछि साँझपखतिर अस्ताउँछन्। उदाएका चन्द्र सूर्यको अस्त अपरिहार्य छ भन्ने दुनियालाई थाहा छ। त्यसैले त चन्द्रसूर्य अस्ताए भनेर कोही पनि शोक गरिरहँदैनन् किनभने यो अपरिहार्य कुरा हो। नभई नहुने कुरा भएको हुनाले यसमा कसैले पनि शोक गरेको देखिंदैन। त्यसै गरी जन्मेकाको मृत्यु पनि अपरिहार्य भएको हुनाले यस कुरामा तिमीले शोक गर्नु हुँदैन।

अब भगवान् साधारण कुरा सम्झाएर अर्जुनलाई शोक र मोहबाट मुक्त रहन प्रेरित गर्नुहुन्छ–

अव्यक्तादीनि भूतानि व्यक्तमध्यानि भारत।
अव्यक्तनिधनान्येव तत्र का परिदेवना।२८।

अन्वय : हे भारत ! भूतानि अव्यक्तादीनि, व्यक्तमध्यानि, अव्यक्तनिधनमि एव तत्र का परिदेवना।

सरलार्थ : हे भरतवंशका भूषण ! यस सृष्टिभित्र आँखाले देखिने, कानले सुनिने, मनले संझिने जो जति बस्तुहरू छन्, ती सबै प्रकट हुनुभन्दा पहिले अव्यक्त (इन्द्रियको पहुँचभन्दा पर) थिए। अन्त्यमा पनि ती सबै अव्यक्त (अनुभव गर्न नसकिने) नै हुन्छन्। केवल बीचमा देखिने, सुनिने र संझन सकिने बनेका छन्। त्यस्तो के हो समयलाई मात्र देख्न, सुन्न, मनन गर्न सकिने शरीरादि बस्तुलाई लिएर शोक गर्नुपर्ने नै के छ र ?

भावार्थचन्द्रिका : संसारमा दुई प्रकारको जीवन दर्शन पाइन्छ, एउटाले भन्दछ– स्थूल शरीरादि बस्तुबाहेक आत्मा नामको कुनै अलग तत्त्व यहाँ छैन। शरीरादि स्थूल बस्तु नष्ट हुँदा सबैथोक सकिन्छ भन्ने त्यस मतले मान्दछ। अर्को जीवन दर्शन अनुसार शरीरादि स्थूल पदार्थभन्दा भिन्न नित्य आत्मा छ। अनित्य शरीरादि स्थूल बस्तु नष्ट भए पनि अविनाशी आत्मा रही नै रहन्छ। यस मतले आत्मा अमर छ भन्ने मान्दछ।

यी दुवै मतको मान्यता अनुसार पञ्चभौतिक तत्त्वले बनेको शरीरादि स्थूल बस्तु बीचमा देखा पर्ने मात्र हुन्। उत्पन्न हुन भन्दा पहिले पनि थिएनन्। नाश भइसकेपछि पनि देखापर्ने छैनन्। केही समयका लागि बीचमा देखा परेका मात्र हुन्। त्यसैले त्यस्ता देखा परेका एक दिन निश्चित रूपमा बिलाउने कुरामा केको शोक गर्नु ? अझ त्यसमा पनि अमर आत्माको अस्तित्व स्वीकार्ने मतमा त शरीरादि मात्र जड भएका हुनाले नाशवान् छन्। बीचमा मात्र देखा परेर अन्त्यमा नष्ट भएर जान्छन्। आत्मा त आदिमा पनि थियो, मध्यमा पनि रहन्छ अन्त्यमा पनि रहन्छ नै। शरीरादि त बाहिरका आवरण मात्र हुन्। तिनको सम्बन्ध छुट्छ भनेर केको चिन्ता र केको शोक ? अमृतमय अजर अमर आत्मसत्ताका सामु क्षणभङ्गुर शरीरादि बस्तुको कुनै तुलना नै सम्भव छैन। आफ्नो अविनाशी आत्मसत्ताको अनुभूति पाइसकेको भाग्यशाली व्यक्तिलाई तिनले कुनै आसक्तिको स्थिति दिन नै सक्दैनन्। ❖

क्रमशः

(आचार्य खेमराज केशवशरणको वि.सं. २०७४ साल साउन १८ गते देहवसान भएको हो। उहाँको पारिवारिक श्रोतबाट प्राप्त भएको उहाँद्वारा लिखित गीताको भावार्थचन्द्रिका हामीले गौरीका प्रकाशनमा क्रमशः प्रकाशित गरिरहेका छौं)

महामणिपद्मोऽहम्- एक चिन्तन

✍ प्रा.डा. ऋषिराम पोखरेल

इतस्ततो नः पुरतश्चरन्तो बौद्धा कुतश्चक्रधराश्चरन्ति ।
विलोक्य तेषां भ्रमतां करस्थं विचिन्त्य चक्र कविता मयैताः ॥१॥

अर्थ- मेरा अघि जताततै बुद्ध धर्मानुयायीहरूले चक्र लिएर घुमाउँदै ॐ महामणि पद्मोऽहम् भन्दै किन हिंडेका होलान् भन्ने विषयमा विचार (चिन्तन) गर्दै जांदा मैले यी कविताहरूको रचना गरे ॥१॥

संसारचक्रं परिवर्तमानं परिभ्रमन् भ्रामयतीह विश्वम् ।
इति स्मरन्तो हि प्रतिक्षणन्ते बौद्धाः सदा चक्रधराश्चरन्ति ॥२॥

अर्थ- यो संसाररूपी चक्र परिवर्तनशील भएर संसारका जीवहरूलाई चौरासी लाख जुनिमा घुमाउने कुनै परमेश्वरीय चक्रच भन्ने संझिएर बुद्धमार्गीहरू हातमा चक्र (माने) लिएर त्यसरी घुमाउदै हिडेका हुनुपर्दछ ॥२॥

संसारचक्र भ्रमतीह शाश्वत् कालानलाख्यं भगवत्स्वरूपम् ।
तमेव बौद्धा मणिपद्मरूपं सर्वात्मकं ब्रह्मपदं स्मरन्ति ॥३॥

अर्थ- यो संसारमा राजा देखि रङ्कसम्म सबैलाई खाइदिने कालरूपी आगो झैं अत्यन्त शक्तिशाली भग(वान्को समयचक्र कहिल्यै पनि नरोकिएर घुमिरहन्छ । बुद्धमार्गीहरूले र मणिपद्मरूपी त्यही सबै कुरा नाशवान् र परिवर्तनशील छ भन्दै व्यापकसत्य (ब्रह्मपद)को स्मरण गर्दै चक्र घुमाउने गर्दछन् ।

यथा हरेर्हस्तगतं सुदीप्तं सुदर्शनास्त्रं भ्रमतीह नित्यम् ।
तथा करस्थं मणिपद्मचक्रं बौद्धा परिभ्राम्य सदा चरन्ति ॥४॥

अर्थ- जुन किसिमले सर्वशक्तिमान् भगवान्को हातमा रहेको चमकदार सुदर्शन नाम गरेको अस्त्र सधै घुमीरहन्छ त्यही शक्तिको स्मरण गर्दै बुद्ध धर्मानुयायी (बौद्ध) हरूले ने आफ्नो हातमा रहेको माने रूपी चक्र घुमाउँदै हिड्ने गर्दछन् ॥४॥

महाप्रकाशो मणिवद्विभातः पद्मासनो नाभिसरोजजातः ।
यस्यास्ति तच्चङ्क्रमणस्वरूपं संसारचक्रं सुगताः स्मरन्ति ॥५॥

अर्थ- जुन शेषशायी नारायण भगवान्का नाभिकम(लबाट ब्रह्माजी उत्पन्न भएका छन् उनै भगवान् विष्णुका हातमा रहेको मणिझैं चमकदार भै सधैं घुमीरहने त्यसै चक्रको स्मरण गर्दै बौद्धमार्गीहरू आफ्नो हातमा चक्र घुमाउदै घुमफिर गर्दछन् ॥५॥

ब्रह्मामुरारीशवपुस्त्रिशक्तिस्वरूपभूतो भुवनं चकास्ति ।
यद् ब्रह्मरूपं सगुणं चकास्ति बौद्धस्तदोङ्कारयुतं स्मरन्ति ॥६॥

अर्थ- जो भगवान् स्वयं निराकार ब्रह्मरूपी भएता पनि सगुणरूपमा रज, सत्व र तम गुणी ब्रह्मा, विष्णु र महेश्वरका रूपमा प्रकट भएर सम्पूर्ण विश्वब्रह्माण्डलाई प्रकाशित पार्नुहुन्छ, उनै ॐ कार रूपी परमेश्वरको स्मरण गरेर 'ॐ महामणि पद्मोऽहम् (मा मे पि मे हुम) भनी बाटा घाटामा मानेचक्र घुमाइ बौद्धमार्गीहरू घुम्दछन् ।

महामणि पद्मपदोत्तराख्यं ओङ्करपूर्वं परमात्मन् ।
करस्थितं चक्रमनारतं हि बौद्धा परिभ्राम्य सदा चरन्ति ॥७॥

अर्थ- परमेश्वरको 'ॐ महामणि पद्म' स्वरूप भनेको म नै हुँ भन्दै ब्रह्म साक्षात्कार कर्ताले ॐ अहं ब्रह्म अस्मि "म ब्रह्म हूँ" भनेझैं बौद्ध अर्थात् बुद्ध धर्ममा लागेकाहरूले पनि हिन्दू (सनातन वैदिकाहरूलेझैं ब्रह्म साक्षात्कार गरेको अवस्थामा 'ॐ महामणिपद्मोऽहम्' भन्दै बाटा घाटामा मानेचक्र घुमाइ घुमफिर गरेको हुनु पर्दछ ।

अत्र कश्चित् कुत्रचिच्चेद् विरोधो यदि जायते ।
धर्मे शास्त्रे तथा बुद्धौ तत्र याचे प्रतिक्रियाम् ॥८॥

अर्थ- मैले माथि कहेका विचारमा कुनै धर्म शास्त्रमा विरोधको कुरा भएको भएमा म पाठकको प्रति(क्रिया माग्दछु । ❖

- गोकर्णेश्वर न.पा-१ सुन्दरीजल, काठमाडौं

भक्तहरुका साथ कीर्तनानन्द

–श्री महेन्द्रनाथ गुप्त श्री 'म'

कर्मयोग तथा मनोयोग

आज बृहस्पतिबार २ अक्टुवर १८८४ ई. आश्विन शुक्ल द्वादशी-त्रयोदशी । हिजो श्रीरामकृष्ण अधरकहाँ कलकत्तामा आउनुभएको थियो । यहाँ कीर्तनानन्दमा श्रीरामकृष्ण नाच्नुभएको थियो ।

श्रीरामकृष्णसँग हिजो आज लाटू, हरीश र रामलाल बस्दछन् । बाबुराम पनि कहिलेकाहीँ आएर बस्छन् । श्रीयुत रामलाल श्रीभवतारिणीको पूजा-आजा गर्दछन् । हाजरा महाशय पनि छन् । आज श्रीयुत मणिलाल मल्लिक, प्रिय मुखर्जी उनका आफन्त हरि शिवपुरका एकजना ब्राह्मभक्त बडाबजार १२ नं मल्लिक टोलका मारवाडी भक्त श्रीरामकृष्णका नजिकमा बसेका छन् । क्रमशः दक्षिणेश्वरका केही केटाहरू र सींतीका महेन्द्र वैद्य पनि आए । मणिलाल पुराना भक्त हुन् ।

श्रीरामकृष्ण (मणिलाल आदिसँग)– मनमनै गरेको नमस्कार राम्रो हुन्छ । पाउमा हात राखेर नमस्कार गर्न के आवश्यक छ ? अनि मनमनै जसलाई नमस्कार गरिन्छ । उसलाई संकोच पनि लाग्दैन । मेरो नै धर्म ठीक छ र अरू सबै झुट्टा हुन् यस्तो सब ठीक छैन । म देख्छु, उहाँ नै सबथोक हुनुभएको छ । मानिस, प्रतिमा, शालिग्राम सबैभित्र एउटै सत्ता देख्दछु । म एउटालाई छोडेर कुनै अर्को देख्दिनँ । धेरै जसो मानिसहरू सोच्छन् मेरो मत नै ठीक छ, अरू सबै गलत छन्, हामीले जित्यौं अरू सबै हारे । यसबाट जो अघि बढेको हुन्छ ऊ थोरैको लागि अड्किन्छ । तब जोपछि परेको थियो ऊ अघि बढिदिन्छ । गोलोकधाम खेलमा निकै बढेको थियो । तर पछि जित पार्न सकेन । हारजीत उहाँको हातमा छ । उहाँको काम बुझाइमा केही अगाडि आउँदैन । हेर, नरिबल त्यतिमाथि हुन्छ, घाम लाग्छ, तरपनि त्यसको पानी चिसो प्रकृतिको हुन्छ । उता पानीफल (सिङ्घाश) पानीमा हुन्छ तर त्यो गर्मी प्रकृतिको हुन्छ । मानिसको शरीर हेर । शिर जुन मूल हो माथि गएको छ ।

मणिलाल– यस बेला हाम्रो कर्तव्य के हो ?

श्रीरामकृष्ण– कुनै प्रकारले उहाँसँग युक्त भएर बस्नु । दुईवटा बाटो छन्– कर्मयोग र मनोयोग । जो मानिसहरू गृहस्थाश्रमी हुन् तिनको योग कर्मद्वारा हुन्छ ।

चार आश्रम छन्– ब्रह्मचर्य, गृहस्थ, वानप्रस्थ र संन्यास । संन्यासीले काम्यकर्मको त्याग गर्नुपर्दछ । तर नित्यकर्म त उसले कामनारहित भएर गर्नुपर्दछ । दण्डधारण, भिक्षाटन, तीर्थयात्रा, पूजा, जप यी सबै कर्महरूद्वारा उहाँसँग योग हुन्छ । अनि चाहे जे कर्म गर फलको आकांक्षाको त्याग गरेर फलको इच्छा छोडेर गर्न सक्यौ भने उहाँसँग योग हुनेछ ।

अर्को एक मार्ग छ मनोयोग– यस प्रकारका योगीमा बाहिरबाट कुनै चिह्न देखिदैन । उसको योग भित्रदेखि हुन्छ । जस्तो जडभरत र शुकदेव । अरू पनि धेरै नै छन् । तर यी दुई प्रसिद्ध छन् । यिनका दाह्री कपाल त्यसै रहन्छन् उनीहरू तिनलाई फाल्दैनन् ।

परमहंस अवस्थामा कर्म उठ्न जान्छ । त्यस बेला स्मरण मनन नै रहन्छ । सधैं मनको योग भैरहन्छ । ऊ यदि कर्म गर्छ भने पनि लोक शिक्षाको लागि हो । चाहे कर्मद्वारा योग होस् या मनद्वारा भक्ति भएपछि सबै कुरा थाहा पाउँछ । भक्तिले आफै कुम्भक हुनजान्छ । मनमा एकाग्रता हुँदा वायु स्थिर हुनजान्छ र वायु स्थिर भएपछि मन एकाग्र हुन्छ । बुद्धि स्थिर हुन जान्छ । जसलाई हुन्छ, ऊ खूद आफै बुझ्न सक्दैन ।

"भक्तियोगमा योगको साधन हुन्छ । म मातासँग

रोई-रोई भन्दथो- आमा योगीहरूले योग गरेर, ज्ञानीहरूले विचार गरेर, जे केही बुझेका छन् यी सबै हजुर मलाई बुझाइदिनुहोस् । माताले मलाई सबै कुरा देखाइदिनु भएको छ । व्याकुल भएर उहाँका निकटमा रोएपछि सबै कुरा बताइदिनुहुन्छ । वेद वेदान्त पुराण यी सब शास्त्रहरूमा जे छ ती सबै उहाँले मलाई बुझाइदिनु भएको छ ।"

मणि- अनि हठयोग ?

श्रीरामकृष्ण- हठयोगी भनेका देहाभिमानी साधु हुन् । वस् उनीहरू खाली नेतिधौति गर्छन । केवल देहको चिन्ता ! तिनको उद्देश्य आयुवृद्धि गर्नु हो । देहको नै दिनरात सेवा गरिरहन्छन् । यो ठीक होइन । तिम्रो कर्तव्य के हो ? तिमीहरू मनमनै कामिनी-कांचनको त्याग गर । तिमीहरू संसारलाई कागको बिष्ठा भन्न सक्दैनौ ।

गोस्वामीहरू गृहस्थ हुन् । यसैले तिनीहरूलाई म भन्दछु- तिमीहरूकहाँ श्रीभगवान्‌को सेवा हुन्छ । तिमीहरू संसारको के त्याग गरौला ? तिमीहरू संसारलाई माया भनेर यसको अस्तित्व लोप गर्न सक्दैनौ । संसारीहरूको जुन कर्तव्य हो त्यसप्रति चैतन्यदेव भन्नुहुन्छ- जीवहरूप्रति दया राख, वैष्णवहरूको सेवा गर । उहाँको नाम लेऊ ।

केशवसेनले भनेको थियो- उहाँ (श्रीरामकृष्ण) यस बेला दुवै कुरा गर भन्नुहुन्छ । एक दिन कतै चुपचाप सबै छाड्न लगाउनु हुन्छ । तर कुरा यस्तो होइन । भला ! म किन तिमीहरूलाई जोगी बनाउँला ।

मणिमल्लिक- तर हजुर त यस्तै भन्नु हुन्छ नि ?

श्रीरामकृष्ण- (हाँसेर) किन तिमी जस्ताको त्यस्तै त बसेका छौ, तिमीले सबै त्याग गर्न के आवश्यक छ र ? क्रमशः

अनुवादक- प्रा.डा. शङ्करराज पन्त, मैतीदेवी

श्रीरामकृष्णवचनामृतबाट अनुदित

वैशाख महिनाका पर्व तथा विदा

१ मेष संक्रान्ति, नववर्षारम्भ, भक्तपुरमा विस्काजात्रा,
३ वरूथिनी एकादशी व्रत,
४ सोमप्रदोषव्रत
७ मातातीर्थ औंसी, आमाको मुख हेर्ने
८ ललितपुर मत्स्यन्द्रनाथ रथारोहण, छन्ददिवस
९ गते परशुराम जयन्ती
१० अक्षय तृतीया, अन्तर्राष्ट्रिय पुस्तक दिवस/प्रतिलिपि अधिकार दिवश
११ श्री ललितपुर मत्स्यन्द्रनाथ रथयात्रा, आद्यगुरू शंकराचार्य जयन्ति
१२ रामानुजाचार्य जयन्ति
१४ गङ्गा सप्तमीव्रत
१६ गते गीता नवमीव्रत
१८ मोहिनी एकादशी व्रत, विश्व मजदुर दिवस
१९ कामदा एकादशी व्रत
२० प्रदोषव्रत
२१ नृसिंह जयन्ति
२२ चण्डीपूर्णिमा, बुद्धजयन्ति, उभौली पर्व, कुर्मजयन्ति, गोखनाथ जयन्ति
२५ विश्व रेडक्रस दिवस
२६ कानून दिवस

आफ्नो प्रति सुरक्षित गर्नुहोस् !

वरिष्ठ विद्वान् डा. बद्री पोखे्रलद्वारा सरल नेपाली भाषामा सार संक्षेपीकरण गरिएका १८ वटै पुराणहरु प्रकाशन भइसकेका छन् । यदि यहाँहरुलाई पुराणहरुमा के छ भन्ने जिज्ञासा उत्पन्न भएको छ, बुझ्न चाहनुहुन्छ भने तुरुन्त सम्पर्क गरी आफ्नो प्रति सुरक्षित गर्नुहुन अनुरोध छ । स्टक सीमित भएको हुँदा यथाशीघ्र सम्पर्क गर्नुहुन सूचित गरिन्छ । साथै हामीसँग जीवनोपयोगी अन्य धार्मिक पुस्तकहरुसमेत उपलब्ध छन् ।

सम्पर्क ९८५१०३०९७२

देवी सीताको प्राकट्य

-सहप्रा. डा. बिनु बाबा अर्याल

मर्यादापुरूषोत्तम श्रीरामचन्द्र र जगज्जननी श्रीसीताको चरित्रलाई लिएर आदिकवि महर्षि वाल्मीकिले संस्कृत साहित्यमा रामायणजस्तो आदिम महाकाव्यको रचना गरी आर्य संस्कृतिको आदर्शलाई जनसम्मुख प्रस्तुत गरिदिनुभयो । वाल्मीकिले खोजेका चरित्र नायकलाई देवर्षि नारदले औंल्याइदिएका हुन् । वेद, उपनिषद् आदिका रहस्यमय तत्वका हाम्रा समस्त धर्म, कर्म, आचारविचार एवम् संस्कृति आदिका एक मात्र मूलाधार र आश्रयभूत महाभारत, पुराणहरू र अरू स्मृति आदिका सद् ग्रन्थहरूभन्दा यो रामायण पनि कम महत्त्वपूर्ण छैन । बरू छन्दमा बद्ध भएको पहिलो ग्रन्थ नै यही हो ।

यस सद्ग्रन्थमा अवस्थित वर्ण, धर्म क्रमानुसार आ-आफ्नो धर्मको, कर्मको शास्त्राचार, देशाचार, कुलाचारको र समयानुकूलका व्यवहारहरू जसलाई हाम्रो स्वत्व संस्कृति भन्दछौं जहाँ समस्त दिव्य सद्गुण एकत्रित हुनजान्छ ऊ नै परमात्मा हुन्छ । श्रीराम सद्गुणहरूको भण्डार हो, लक्ष्मण विवेकको स्वरूप हो, भरत वैराग्यको र शत्रुघ्न सद् विचारको स्वरूप हो । यदि यो अयोध्यारूपी श्री शरीरमा भएन भने दशरथरूपी जीव कैकेयीका कामको दुर्बुद्धिको अधीन हुन जान्छ । यदि वैराग्य र सद्विचार भयो भने जीव कामको, दुर्बुद्धिको अधीन हुँदैन । त्यसैका अन्तर्गत उपरोक्त सारा कुराहरू पर्दछन् । त्यो नै सद्ग्रन्थ हो ।

वाल्मीकि रामायण जो वेदहरू पछिको ग्रन्थरत्न हो, रामायणलाई हामी निश्चित रूपले महाकाव्यको श्रेणीमा पनि राख्न सक्छौं र यसलाई अलङ्कृत शैलीका परवर्ती (पछिहुने) काव्यहरूका जनक पनि भन्न सक्छौं । १ जसमा आर्य संस्कृतिका आदर्श स्वरूप उपलब्ध हुन्छ । यसमा आर्यवर्तको त्यस समाजको मानचित्र प्राप्त हुन्छ । जुन समय आर्य जाति उन्नतिको शिखरमाथि पुगेका थिए । आज पुरूषले श्रीरामलाई र नारीले श्रीसीतालाई आदर्श रूपमा प्राप्त गरे । हिन्दु जगत बढो गौरवान्वित भएको छ । आफ्ना आदर्श र आफ्ना मर्यादामा अडिक रहने श्रीसीताराम हाम्रा मान्यताका सर्वस्व हुन् भनी हृदयदेखि सहर्ष स्वीकार गर्न सकिन्छ । सत्यतथ्य अविनाशी छ, सत्य कहिल्यै विनाश हुँदैन । सत्यको स्वरूपमा कुनै परिवर्तन हुँदैन । सत्य शब्दको अर्थ हुन्छ- भूत, भविष्य र वर्तमान तीनै कालमा जसको स्वरूप एकै हुन्छ ।

सीता, जनकले पवित्र गराएको हाम्रो देश नेपालको धर्तीको एक खण्ड जनकपुरधाम जो वैदिक सनातनीय हिन्दु धर्मावलम्बीहरूको पुण्य स्थल रहेको छ । राजर्षि जनकको पवित्रस्थल जनकपुर हो भनेर हामीहरू अझै पनि गौरवान्वित भएका छौं । यस्तो हाम्रो पवित्र राष्ट्र नेपालमा साक्षात् ब्रह्मस्वरूप आदिकवि एवम् आध्यात्मिक दिव्य दृष्टि सम्पन्न ऋषि वाल्मीकिको वासस्थान अर्थात् पवित्र गुफा रहेको छ । नेपालको तराईको त्रिवेणी समीपस्थ तात्कालिक उपवनका रूपमा रहेको सो क्षेत्र जसलाई आजकाल भैसालोटन पनि भन्दछन् । हाम्रा देशका शीर्षस्थ तत्कालीन महाराजधिराज श्री ५ महेन्द्र वीर विक्रम शाह र भारतका मुर्धन्य प्रधानमन्त्री पण्डित जवाहरलाल नेहरूद्वारा गण्डक योजनाको शिलान्यास सम्पन्न गराउन भेला भएका बेलामा नै निर्विवाद रूपले स्वतः सिद्ध गराई सकिएको छ कि त्यही नै वाल्मीकि आश्रम हो जसलाई वाल्मीकि नगर पनि भनिन्छ । त्यहीं बसेर ऋषि वाल्मीकिले प्रस्तुत ग्रन्थ रामायणको रचना गर्न थाल्नुभएको हो । जहाँबाट वाल्मीकि रामायण जस्तो आर्ष आदि काव्य लेखियो ।

रामायण हाम्रो संस्कृतिको महत्तम निधि हो भन्ने हामी सनातन धर्मावलम्वी हिन्दु मात्रको धारणा र भावना छ । छोटकरीमा भन्ने हो भने वाल्मीकिले श्रीरामसीताको मानवीय पक्षलाई सूक्ष्मातिसूक्ष्म रूपले विश्लेषण गरेर आर्ष दृष्टिले निहाली शब्दार्थमा बाँधेर राखिदिएका छन् ।

सीताले कसरी रामलाई आफूमा लीन गरेर आदर्श दाम्पत्य जीवनको उदाहरण प्रस्तुत गरेकी थिइन् भने अर्थतर्फ यो विश्व विधिको विधान छ कि सुचारू रूपले सञ्चालित राख्नको लागि पति पत्नीको जोडी बनाएर राखिएको हो। यो प्रेममय सम्बन्ध वैदिक मन्त्रहरूद्वारा अग्निलाई साक्षी राखी स्थापित गरिन्छ। प्रेम नै यसको जीवन हो।

यस महाकाव्यको कथानकलाई आध्यात्मिक दृष्टिले हेर्ने हो भने यो संसार केवल प्रकृतिपुरूषको अथवा माया ब्रह्मको आत्मविनोद मात्र हो । यी दुबैको पारस्परिक सम्बन्धबाट नै यो सांसारिक प्रपञ्च चल्दछ । जसबाट सुख दुःख कष्ट संकट पाउन थाल्दछ । जस्तो राजा दशरथले आफ्नी सद्बुद्धि स्वरूपिणी देवी कौशल्यालाई परित्याग गरेर कुबुद्धिरूपिणी कैकेयीलाई अंगाल्दा जुन प्रपञ्चमा परे त्यही नै रामायणको एउटा दृष्टान्त हो । त्यस्तै सद्बुद्धि स्वरूपिणी धर्मपत्नी देवी सीता आफ्नो साथमा हुँदा लोकाभिरामको सर्वसद्गुणोत्पत्ति भएको थियो जसले त्यस्तो मानसिक आघात पार्ने आउने घटनाहरू घट्दा पनि प्रसन्न मुद्रामा अडिक नै रहे। केही कालपछि सीतारूपी आफ्नो सद्बुद्धि अर्थात् प्रकृतिले छोडिदिंदा उनी माथि दुःख कष्टको धेरै ओइरो लाग्यो।

त्यस्तै यता पनि यस महाकाव्यका प्रतिनायक रावणले आफ्नी सद्बुद्धि स्वरूपिणी धर्मपत्नी महारानी मन्दोदरीले सीतालाई फर्काउन दिएको सुझावलाई लत्याएको कारण आफू सहित कूलको नाश गर्ने कारण नै बन्नुपर्‍यो । रामायणको पाना पल्टिंदै जाँदा जब रावण नामको अहं तत्त्वको संहार गरेर आफ्नी सद्बुद्धिरूप देवी सीतालाई भेटे तब मात्र रामले रामराज्य सञ्चालन गरेको यथार्थता जनसमक्ष प्रस्तुत भएको छ।

आदर्श नारी सीताको जन्म तथा अन्त्य दुवै रोचक, मार्मिक तथा अर्थपूर्ण हुनाको साथै रहस्यमयी छ। दृष्यमा नदेखिएको आमा बाबुबाट उत्पत्ति भएकी सीताको बारेमा जान्न चाहनेलाई केही रहस्य उद्घाटन भने गरेकै छ।

विभिन्न शब्दकोश पल्टाउँदा सीताको शाब्दिक अर्थ हलोको सियो (फाली) वा हलोद्वारा जोतिएको जमिनको रेखाचित्र भन्ने हो।[२] यसरी सीता नामद्वारा नै सीताको जन्मकथाको सङ्केत वा जानकारी पाइन्छ। कौटिल्यको अर्थशास्त्रले त सीता शब्दलाई कृषिकै पर्यायवाची शब्दका रूपमा लिएको पाइन्छ।[३] तापनि यसले सीताको कृषि व्यवसायसँगको सम्वन्धलाई थपपुष्टि दिएको छ। यज्ञभूमि तयार पार्न राजर्षि जनकले हलो चलाउँदा त्यही भूमिबाट सीता प्रकट भएको कथा पाइन्छ।

देवीभागवत अनुसार लङ्काधिपति रावणले आफ्नो सन्तान (कन्या) लाई सन्दुकमा बन्द गरेर धर्तीमा गाडिदिएको थियो र त्यो धर्ती जनकपुर थियो । मय राक्षसकी छोरी मन्दोधरीसँग बिहे गर्ने बेलामा रावणले पहिलो सन्तानका कारण वंश समाप्त हुने सुनेकाले जन्मिनासाथ कन्यालाई गाडेको हो। सीतालाई रत्नपूर्ण घडाबाट जन्मिएकी कन्याका रूपमा लिइएको छ। जस अनुसार त्यतिखेर रावणको अत्याचार ज्यादै बढेको थियो। ऋषि तपस्वीलाई उसले निकै कष्ट दिन्थ्यो। तपस्यारत ऋषि तपस्वीका शरीरमा बाणले घोच्दै रगत झिकेर घैंटोमा भर्दथ्यो। त्यसै वनमा गृत्समद नामका एक ऋषि बस्दथे। उनी लक्ष्मी जस्ती कन्या पाउने इच्छाले तपस्या गर्दथे। उनी कुशको टुप्पाले दुध ल्याएर मन्त्रोचारण गर्दै हरेक दिन दुध जम्मा गर्दथे। त्यस्तैमा एक दिन रावणले गृत्समदले जम्मा गरेको दुधको घैंटो चोर्‍यो र त्यो दूध लगेर आफूले जम्मा गर्दै गरेको रगतको घैंटोमा मिसाइदियो।

आनन्द रामायणका अनुसार पूर्वकालमा पद्माक्ष नामक एक प्रसिद्ध राजा थिए। उनले आफ्नो तपद्वारा देवी लक्ष्मीलाई आफ्नो छोरीको रूपमा पाउन भगवान् विष्णुको उपासना गरे। भगवान् विष्णुले एउटा फल दिएर अन्तरध्यान हुनुभयो। त्यो फल तोडेर हेर्दा सुवर्ण जस्तो एउटी कन्या देखा परिन् । राजाले उनको नाम पद्मा राखेर लालनपालन गरे । विवाहयोग्य भइन् तव राजाले जो कोहीको आफ्नो शरीर नीलो आकाशको रंग जस्तो छ, उसैलाई पद्मा छोरी दिन्छु भन्ने प्रतिज्ञा गरे। पद्माको स्वयंवरको समयमा दैत्यहरूले हमला गरे। यसबाट पद्माक्षको सम्पत्ति मात्र नाश नभई स्वयम् राजा पनि दैत्यहरूबाट मारिए । त्यो देखेर पद्मा अग्निमा प्रवेश गरिन्।

पद्मालाई पाउन दैत्यहरूले यिनको धेरै खोजी गरे। तर कहीं पनि पाउन सकेनन्। केही दिनपछि लक्ष्मीरूपी पद्मा अग्निकुण्डबाट बाहिर आइन् । पुष्पक विमानमा बसेर आकाश मार्गमा हिंड्दै गर्दा रावणले उनलाई देख्यो।

रावणले त्यो सारा अग्निकुण्डलाई पानीले निभाएर ध्वंस पारिदियो । त्यस अग्निकुण्डको खरानीबाट प्राप्त गरेको दिव्य रत्नभएको वाकस पत्नी मन्दोधरीलाई दियो । त्यो बाकसलाई खोलेर हेर्दा एक दिव्य कन्या निस्किइन् ।

रावणले मन्दोधरीसँग मद्माक्षको कुल र राज्य नाश गर्ने यस्ती कन्यालाई लङ्काभन्दा टाढा लगेर फालिदिन आग्रह गऱ्यो । मन्दोदरीले त्यो बाकस मिथिलामा लगेर गाडिदिइन् । वाकसमा बन्दहुनु अघि ती कन्याले 'म तिमी र तिम्रा सन्तान सबैको नाश गर्न फेरि लङ्कामा आउने छु' भनिन् पछि मिथिलामा एक ब्राह्मणले हलो जोत्दा एउटा बाकस पाए र त्यसलाई राजाको धन सम्झेर ब्राह्मणले राजालाई सुम्पे । त्यसरी बाकसबाट निकालिएकी कन्यालाई जनकले आफ्नै छोरीका रूपमा पाले र ती कन्याको नाम सीता राखिदिए ।४

अन्य किंवदन्तीका आधारमा सीतालाई मिथिलाका राजा जनककी छोरी भनिएता पनि रामायणका अनुसार सीताको जन्म रावणकी धर्मपत्नी मन्दोदरीको गर्भबाट भएको हो । त्रेतायुगमा लङ्कामा तत्कालीन राजा रावणले आफ्नो तागतको घमण्डमा पृथ्वीभरि उत्पात मच्चाएको थियो । रावणले प्रत्येक दिन जनताहरूबाट कर असुलेर एक सेर सुन ल्याउने गर्दथ्यो । यसरी वेथिति गरेका कारण सौनकादी ८८ हजार ऋषिहरूले रावणको वंश नाश गर्नको निम्ति अलिअलि सबैको आफ्नो रगत निकालेर एक घडामा एक शेरको तौल बराबर बनाएर राखे । र, त्यसमा एक सुन छ भनी रावणलाई बुझाए । उसले त्यो घडा आफ्नी पत्नी मन्दोदरीलाई दियो । उनले त्यो घडा खोलेर हेर्दा रगत देखिन् ।

मन्दोदरीले त्यो रगत रावणको कोही अरू रानी अथवा कोही परस्त्रीको भएको ठानेर रिसले पिइन् । केही दिनपछि मन्दोदरीलाई गर्भ रह्यो र मन्दोदरीको पेटमा धेरै पीडा भएकाले रावणले ज्योतिषहरूलाई बोलाएर लक्षण हेर्दा उनीहरूले मन्दोदरीको गर्भबाट रावणकुलको नाश गर्ने एक पुत्रीको जन्म हुने सङ्केत दिए । यो सुनेर रावणले मन्दोदरीको गर्भपतन गराएर त्यो गर्भलाई जनकपुरको एउटा तलाउमा छोडिदियो ।

केही दिनपछि जनकपुरमा भएको ठूलो खडेरीको निवाराणार्थ राजा जनकले अश्वमेध यज्ञ निमित्त त्यही तलाउको ठाँउमा हलो जोत्दा हलोको सियोबाट एउटा घडा निस्क्यो । त्यस घडाभित्रबाट एक कन्या निस्किन् । उनले ती कन्याको पालन पोषण गरे । पछि गएर राजा जनकले भूमीपुत्री भएकीले 'सिया' नाम राखे । पछि उनको नाम सीता भयो । ती सीतालाई राजा जनककी छोरीका रूपमा 'जानकी' भनिएको हो ।

देवी सीताको जन्म सम्बन्धमा अनेक कथा रहेकोले यसै हो भन्न गाह्रो छ । तापनि जनकपुरसँगको उनको सम्बन्ध अकाट्य छ । राजा जनकको मिथिला राज्यको भूभाग हिमालयको मध्यभागमा ६४ कोश चौडाई र ९६ कोश लम्बाई भएको गंगासम्म फैलिएको थियो । राजा जनकको वास्तविक नाउँ शिरध्वज हो । राजा जनकको झण्डामा हलो चिन्ह रहेकोले उनको नाम शीरध्वज हुन पुगेको हो । यज्ञका लागि जमिन जोत्दा पालीको टुप्पाका कारण सीता प्रकट भएकीले जनकको नाम शीरध्वज हुन पुगेको अड्कल काट्न सकिन्छ ।

वशिष्ठ ऋषिको श्रापले मरेका राजा निमिको शव मन्थन गर्दा मिथि जन्मिएका र उनको राज्य मिथिला बनेको उल्लेख पाइनछ । मिथिलालाई विदेह पनि भनिने भएकोले विदेहकी छोरीको अर्थमा सीताको नाम वैदेही पनि हो । रामायण र याज्ञवल्क्यस्मृतिमा राजा मिथि अनुसार मिथिला नगरीको उल्लेख पाइन्छ भने मत्स्यपुराणमा मिथिल नाम गरेको ऋषिको चर्चा पाइन्छ । राजाका नामबाट होस् अथवा ऋषिका नामबाट मिथिला नाम ज्यादै प्राचीन भएकोमा शङ्का रहँदैन ।

देवी सीताको जन्म सम्वन्धी उपयुक्त तथ्यहरू सबै किंवदन्ती हुन् । यी प्रसङ्गलाई काल्पनिक र अतिरञ्जित घटनाका रूपमा लिन सकिन्छ । तर पनि सबै प्रसङ्गले सीतालाई राजा जनकद्वारा पालित पुत्रीका रूपमा स्वीकारेका छन् । देवी सीतालाई सम्बोधन गर्ने नामहरू भिन्दाभिन्दै देखिएका छन् । जस्तै अग्निबाट निस्केकोले अग्निगर्भा, रत्नहरूमा निवास गरेकोले रत्नावली, धर्तीबाट निक्लेकोले धरणिजा, जनकद्वारा पालिएकीले जानकी, हलोको अगाडिको भागबाट निक्लेकोले सीता, राजा मद् माक्षीको कन्या भएकीले पद्माक्षी नामले सम्वोधित भइन । यस प्रकार सीताको नामहरू विभिन्न रहे । नीलो वर्ण आकाशको रङ्ग भएका रामले सीतालाई प्राप्त गरेर राजा

पद्माक्षको प्रतिज्ञा सफल गरिदिए।६

वाल्मीकीय रामायणको केन्द्रीय विषय नारी मर्यादा रहेको छ । सीता रामायणकी केन्द्रीय नारी हुन् । उनी पनि रामप्रति सत्तानिष्ठ हुनुका साथै जनक र दशरथका दरवारकी मर्यादित नारी हुन् । उनले अयोध्या दरवारको सुखभोगलाई भन्दा पतिसँगको दुःखमय जीवनलाई आफ्नो सही जीवन बनाइन् । पति सेवामा सदा प्रसन्न रहने सीताले वनमा गएर समस्त भौतिक सुखलाई भुलेर निरन्तर श्रीरामको सेवामा तत्पर भइरहिन् । चित्रकुटबाट पञ्चवटी जाँदा जव श्रीराम अत्रिको आश्रममा पुग्नुभयो, त्यस समय अनुसूयाले सीतालाई पतिव्रत धर्मको उपदेश दिइन् । सो धर्मलाई उनले अक्षरसः पालन गरिन् । कुनै प्रकारको प्रलोभनबाट, भयबाट, घनघोरको विपत्तिबाट धर्मको त्याग गर्नु हुँदैन । यस कुराको शिक्षा पनि हामी सीताको जीवनबाट पाउँछौं ।

अशोक बाटिकामा सीताको धर्मनष्ट गर्न दुष्ट रावणले आफूले सक्दो कोशिस गर्दा पनि सीताको अटल पतिव्रत धर्मलाई डगाउन सकेन । अर्को, सीताको जुन सावधानी थियो, त्यो पनि अनुकरणीय देखिन्छ । उनले हनुमानसँगको भेटमा पुरा विश्वास नहुन्जेल प्रष्टसँग कुरा पनि गरिनन् । विश्वसनीय कारणमा श्रीरामको औंठी प्राप्त गरेपछि र श्रीरामले देखाउनु भएको सीताप्रतिको प्रेमलाई हनुमानले बताउँदा पतिप्रेमले विभोर हुनुभयो । अर्कोकुरा देवी सीतालाई हुनमानले भनेकी 'ममा रावण सहित पुरा लङ्का पनि उठाएर लैजाने शक्ति छ । तपाईलाई यहाँबाट लिएर गए भएँ लङ्काका सारा निवासी मिलेर पनि मेरो पछि लाग्न सक्दैनन् । म चाँडै नै तपाईलाई श्री रघुनाथको साथमा पुऱ्याइदिन्छु ।

हनुमानको यस्तो निवेदनलाई अस्वीकार गर्दै सीताले भन्नुभयो- श्रीराम बाहेक दोस्रो पुरूषको शरीरलाई स्पर्श पनि गरेको छैन । यदि श्रीरघुनाथले राक्षस सहित रावणलाई मारेर यहाँबाट मलाई लैजानु भयो भने उहाँको योग्य पराक्रम हुनेछ । यसबाट सीताको पतिप्रेम पतिधर्मप्रतिको दृढविश्वास आस्था देखिन्छ । अर्को कुरा यसबाट हामीलाई यो शिक्षा मिल्दछ कि यदि हामी भगवान् पाउनलाई व्याकुल हुन्छौं भने अवश्य भगवान् पनि हामीसँग मिल्न व्याकुल हुनुपर्दछ ।

मायारूपी मृग समात्न श्रीराम गएपछि रामको जस्तो स्वरमा मारीचको आवाजले झस्किनु भएकी सीताले लक्ष्मणलाई जुन कटुवचन भन्नुभयो त्यसमा पतिप्रेमको भाव थियो । तर लक्ष्मणको सीताप्रतिको जुन मातृभाव थियो त्यसप्रति सीताको व्यवहार अनुचित देखिन्छ । तर पछि सीताले पश्चाताप गर्नुभयो । यसबाट के देखिन्छ भने विश्वास भित्र रहेको सम्बन्धमा शंका नगरेको भए राम्रो हुन्थ्यो । पति पत्नीको प्रेमले होस् उड्नु स्वभाविकै हो जुन सीतामा देखिएको छ ।

वाल्मीकीय रामायणमा रामले सीतालाई दुइ पटक सतीत्व परीक्षणका लागि भन्दै त्याग गरेका छन् । पहिलो पटक लङ्का विजयपछि । रावणले अपहरण गरेर चौध महिनासम्म उसका अधीनमा रहेकी हुँदा सीता त्यागको विचार व्यक्त गरेका छन् । त्यस समयमा अत्यन्त कारूणिक अवस्थाकी सीताले लग्मणलाई चिता तयार गर्न लगाई बल्दो चितामा प्रवेश गरिन् । तर अग्निले सीतालाई स्पर्श गर्न नसकेकोले उनको सतीत्व शुद्ध रहेको प्रमाणित भयो ।

लोक दृष्टिमा सीताको पवित्रताको परीक्षा आवश्यक थियो किनकि उनी धेरै समयसम्म रावणको अन्तपुरमा रहेकी थिइन् । यदि सीताको परीक्षा नलिएको भए श्री रामको मर्यादामा आँच आउने र प्रजाले औला ठड्याउँथे । सोही कारणले रामलाई सीताको पवित्रता माथि पूरा विश्वास भए पनि लोकोपवादबाट छुट्कारा पाउन गरिएको सत्यताको उद्घाटन भन्नुभयो ।

श्रीराम देवी सीतालाई लिइ अयोध्या फर्किनु भयो । अयोध्यामा आएपछि श्रीरामको राज्याभिषेक पटरानी देवी सीताको साथ सम्पन्न भयो ।

वाल्मीकीय रामायणको मुख्य कथावस्तु यहीसम्मको हो । तर पछि परवर्ती कविद्वारा त्यसमा उत्तरकाण्ड थपियो । र त्यसलाई पनि वाल्मीकिकै रचना भनी विश्वास गरियो । यस रामकथामा यस उत्तरकाण्डले थपेको खास विषय अयोध्यावासीको लोकोपवादका कारण रामद्वारा लक्ष्मणलाई लगाई पुनः सीताको परित्याग, सीतालाई वाल्मीकिद्वारा आफ्नो आश्रममा संरक्षण दिई उनका छोरा कुश र लवलाई लालन-पालन, शिक्षा-दीक्षा प्रदान, रामको अश्वमेध यज्ञमा वाल्मीकिको आगमन, कुश र लवद्वारा रामायणको स्वर गायन, वाल्मीकिको आश्रमबाट अयोध्या

दरवारमा बोलाइएकी सीतालाई श्रीरामले दोश्रोपटक चारित्रिक शुद्धताको शपथ खान वाध्य गराउनु भयो । यहाँनिर भन्न सकिन्छ, हरेक कुराको सीमा हुन्छ, जब सहन



शक्तिको सीमा उल्लंघन हुन जान्छ, तब अर्कै बाटो रोज्नु अपरिहार्य हुन जान्छ। यहाँ सोही भएको देखिन्छ। दु:खको पराकाष्टामा पनि एउटी पतीव्रतामा बारम्वार लाञ्छना लागिरहन्छ भने नयाँ सोचको आवश्यकता जरूरी नै हुन जान्छ । यहाँ यही भएको छ ।

रावणद्वारा अपहरित भएर लङ्काको कष्टमय जीवन बिताउँदा रामको लङ्काको विजयपछि अग्निपरीक्षणमा होमिनुपऱ्यो । गर्भवती अवस्थामा रामबाट निष्काशित भई वाल्मीकिका आश्रममा रहनु पर्दा अन्ततः वाल्मीकि आश्रमबाट अयोध्याको दरवारमा अश्वमेघ यज्ञपछि आउँदा पनि रामले उनीप्रति शङ्का गर्दाका क्षणहरू सीताले अनेकौ अनेकौ कष्ट यातनाहरू भोग्नु पऱ्यो। तापनि उनी रामप्रतिको निष्ठा र सत्मा अविचलित रहिन्।

श्रीरामले सीताको पवित्रतामा आफू विश्वस्त भए पनि जगत्को सामू आफूलाई सीताले पवित्रताको विश्वास दिलाउन दिएको आज्ञाबाट पीडित सीताले तीन श्लोक प्रकट गर्नुभयो– म श्री रघुनाथजीको सिवाय कुनै दोश्रो पुरूषलाई स्पर्श त टाढाको कुरा, मनले चिन्तन पनि गर्दिन । यदि यो सत्य हो भने भगवती पृथ्वीदेवी मलाई आफ्नो काखमा रहन देऊ । यदि म मन, वाणी र क्रियाद्वारा केवल श्रीरामको आराधना गर्दछु भने भगवती पृथ्वी देवी मलाई आफ्नो काखमा स्थान देऊ । भगवान् श्रीरामलाई छोडेर म कुनै दोश्रो पुरूषलाई चिन्दिन; यो मेरो भनाई सत्य हो भने पृथ्वी देवी मलाई तिम्रो काखमा रहन देऊ ।

विदेह कुमारी सीताको यसप्रकारको शपथ प्रकट हुँदाहुँदै पृथ्वीलाई एक दिव्य रत्नहरूले विभूषित सिंहासन उत्पत्ति भयो। पृथ्वीको अधिष्ठात्री देवीले मिथिलेश कुमारी सीतालाई आफ्नो काखमा बसाउनु भयो। यो दृष्य हेर्दाहेर्दै सिंहासन पातालमा गयो । आकाशबाट पुष्पवृष्टि भयो । देवी सीताको जयजयकाले भूमण्डल घन्कियो।

हुन त देवी सीता साक्षात् भगवती हुन्। आफ्नो मनुष्य जीवनमा जुन जुन चरित्र गर्नुभयो, ती सबै अलौकिक नभएर व्यावहारिक चरित्र देखिएको छ भने नारी वर्गलाई सांकेतिक शिक्षा पनि प्रदान गरेको छ ।❖

–बत्तीसपुतली, काठमाडौं

१. वाचस्पति गैरोला
२. सीताको जन्म सम्वन्धी मिथकीय अध्ययन गर्नेहरूले सीताको अलौकिक जन्म कथालाई सीता नाम गरेकी कृषिकी अधिष्ठात्री देवीबाट प्रभावित भएर उनको नामाकरण गरिएको हो भन्ने अर्थ लगाएका छन् ।
३. कौटिलीय अर्थशास्त्र ४०:२४:१
४. आनन्द रामायण व्या. रामत्रेज पाण्डेय, चौखम्बा संस्कृत प्रतिष्ठान्, दिल्ली वि.सं. २०१३
५. मिथिला माहात्म्य, रामकुमार शरण श्री जानकी पुस्तक भण्डार, जानकीपथ जनकपुरधाम, पेज २
६. आनन्द रामायण पृ. २२–२६ श्रीमद्वाल्मीकि– मामुनिकृत– सतकोटि राम चरितान्तर्गत
७. श्रीमद्वाल्मीकीय रामायण– गीताप्रेस, गोरखपुर ।

हार्दिक शुभकामना

नयाँ वर्ष २०८० को सुखद उपलक्ष्यमा सनातन धर्ममा आस्थावान सम्पूर्ण नेपालीहरूमा सुख, शान्ति एवम् समृद्धिको कामना गर्दै हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

मोहनप्रसाद आचार्य
एवम्
ब्रह्मपुरी सत्सङ्ग परिवार
भौखेल, दुवाकोट, भक्तपुर

वैशाख, सूर्य र ज्योतिषविज्ञान

—हरिप्रसाद सोडारी

आपद् पर्दा खोजिने, विपद्मा हेरिने तर सामाजिक रूपमा स्थान नपाएको शास्त्रमध्येको एक हो ज्योतिषशास्त्र । वेदका आँखा, आकाशीय पिण्डको अध्ययनमा ज्योतिशास्त्रले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । जुनसुकै विधा र पेशाका मानिसले पनि अप्ठेरो पर्दा ज्योतिषका ढोका ढक्ढक्याउँछन् तर खोलो तरे पछि लौरो भने भुल्छन् नै ।

ज्योतिष वास्तवमा विज्ञान हो, धर्म होइन । ज्योतिषशास्त्र हाम्रो भूगोलको बिरूवा हो, हाम्रा पुर्खाको उपज हो अर्थात् हाम्रो पैतृक सम्पत्ति हो । साठी घडीको एक दिन, सात दिनको हप्ता, तीस दिनको एक महिना, दुई महिनाको एक ऋतु, (६ वटा ऋतुको एक वर्ष), बाह्र महिनाको वर्ष हुन्छ[१] भनी पुर्खाले बताए । नवग्रह, तिथि, महिना, बार, संवत्हरूले विज्ञानका नियमअनुसार प्रकृति र जीवनसँग सम्बन्ध राख्दछन् । हाम्रा सात बारलाई नै पश्चिमाले स्वीकार गरे । विक्रम संवत विदेशीबाट आयात गरिएको संवत होइन तात्कालिक विद्वान्ले खगोल, भूगोल, प्रकृति र मानवजीवनलाई संयोजन गरी निर्माण गरेको संवत् हो ।

पश्चिमाले जनवरीलाई प्रथम महिना किन माने कारण र तथ्यबारे मौन छन् । हाम्रो शास्त्र र भूगोलले बैशाखलाई पहिलो महिना मान्दछ । ज्योतिषशास्त्रअनुसार बैशाखलाई मेष महिना भनिन्छ । जसको राशि स्वामी मंगल हो, जहाँ सूर्य उच्च हुन्छन् । मंगललाई सेनापति र सूर्यलाई राजा ग्रह मानिन्छ । राजा र सेनापति प्रबल भएको राष्ट्रले उपनिवेश एवम् अन्यायको मुख देख्नुपर्दैन । गायत्री मन्त्रले सूर्यको उपासना गरिन्छ, सूर्यलाई ऊर्जा र परमात्माको स्वरूप मानिन्छ । सूर्यले ऋतु, महिना र गते बनाउँछ । पहिलो ऋतु वसन्त एवम् पहिलो महिना बैशाख हुन्; जहाँ सूर्य उच्च र मंगलले घर बनाएका छन् । प्रकृति हाँस्ने, मन रम्ने, साधना फक्रने हुँदा वैशाख पहिलो महिना हुन पुग्यो । महिनालाई चान्द्रमास (शुक्लप्रतिपदा तिथिदेखि औँशीको अवधि), नाक्षत्रमास(अश्विनीदेखि रेवती नक्षत्रसम्म), सौर्यमास (सूर्यले एक राशिमा भोगेको अवधि) गरी मुख्यतः तीन भागमा विभाजित गरिएका छन् । वैदिक शास्त्रहरूले सूर्य (परमात्मा)लाई सृष्टिको आधार, चेतनाको पुञ्ज, ग्रहको राजा मान्ने हुँदा सौर्यमासको प्रयोग अधिक छ ।

सूर्यलाई ग्रहका राजा मानिने हुँदा आइतबार अर्थात् रविबारलाई हप्ताको पहिलो दिन मानियो । प्राचीन कालदेखि सूर्य र चन्द्रवंश गरी दुई क्षत्रिय राजवंशको शासन चलेको देखिन्छ । सूर्यवंशको श्रीगणेश इक्ष्वाकु र चन्द्रवंशको प्रारम्भ बुधका छोरा पुरूरवाबाट भयो । भगवान् राम सूर्यवंशी र कृष्ण चन्द्रवंशी क्षत्री थिए । नेपालको राष्ट्रिय झण्डासहित यहाँका मन्दिरहरूमा चन्द्र, सूर्य अङ्कित झण्डा छन् । सूर्यको महिमा, महत्त्व, पूजा र उपासना आदिलाई समेटेर सूर्यपुराण, सूर्योपनिषद्लगायतका ग्रन्थहरू निर्माण गरिएका छन् । महर्षि कश्यप एवम् अदितिबाट जन्मेका सूर्यको विवाह विश्वकर्माकी पुत्री संज्ञासँग भयो । उनीहरूबाट वैवश्व मनु, यमराज, यमी जन्मिए । सूर्य र छायाँबाट शनि, सावर्णि मनु, तपतीको जन्म भयो । त्रेतायुगका कपिराज सुग्रीव एवम् द्वापरयुगमा कर्ण पनि सूर्यकै सन्तान भए ।

अरूणो माघमासे तु सूर्य्यो वै फाल्गुने तथा ।
चैत्रमासे तु वेदाङ्गो भानुर्वैशाख एव च ॥
ज्येष्ठमासे तपेदिन्द्र आषाढे तपते रविः ।
गभस्तिः श्रावणे मासे यमो भाद्रपदे तथा ॥
सुवर्णरेताश्वयुजि कार्तिके च दिवाकरः ।
इत्येते द्वादशादित्या मासनामान्यनुक्रमात् ॥

–ज्योतिः सारः शिरोमणिः (संवत्सरप्रकरणम्)

अर्थात्, "माघमा उदाउने सूर्यको अरूण, फाल्गुनका सूर्य, चैत्रका वेदाङ्ग, वैशाखका भानु, जेष्ठका इन्द्र, असारका रवि, श्रावणका गभस्ति, भदौका यम, असोजका सुवर्णरेता, कार्तिकका दिवाकर, मङ्सिरका मित्र र पुषमा विष्णु नामका सूर्य उदय हुन्छन् ।" महिनाअनुसार सूर्यको नाम, उदाउने र अस्ताउने समय, तापको मात्रा फरक भएकाले बाह्र महिना भए । सूर्यको अर्थ परमात्मा पनि हुनेहुनाले पृथ्वी आदि लोकका पालनकर्ताका रूपमा[२] पूजा गरिन्छ । सौर्यसम्प्रदायको[३] वैभव शैवसम्प्रदायमा परेको हुनाले मकवानपुर जिल्लाको पाण्डुकेश्वरशिवलिङ्गकै आडमा सौर्यशिवलिङ्ग छ ।

सूर्यलाई आयुर्वेदले उपचारको रूपमा, ज्योतिषले ग्रहहरूका राजा, योगले साधनालाई फलीभूत बनाउन सहयोग गर्ने देवता एवम् भक्तहरूले पाञ्चायन देवतामध्येका एक देवता मान्दछन् । साधकहरूले त्राटक नामक योगबाट सूर्यको उपस्थितिमा ब्रह्माण्डका जानकारी प्राप्त गर्दछन् । सप्तमी तिथि एवम् आइतबारको उदाउँदो सूर्यलाई ७/१२ अञ्जुली पानी चढाउँदा छालाका रोग, सपनाको समस्या, हड्डीको दुःखाइ आदि निको हुन्छन् । बिहानको घामबाट भिटामिन 'डी' प्राप्त हुन्छ । ऋग्वेद (८।७२।१७)ले उदाउँदै गरेको सूर्यमा सोम हुनाले रोगी निको हुने बताएको छ । सूर्यका बाह्र नामको जप र पूजाले विभिन्न समस्याबाट मुक्ति पाइन्छ ।

सूर्यले राक्षस, पिसाच आदि तामसी शक्तिको उपद्र र प्रकोपबाट रक्षा गर्दछन्[४] । सूर्यकै वरिपरि घुम्दै ग्रहहरूले ताप र प्रकाश प्राप्त गर्दछन् । वैशाखपूर्णिमाका दिन विशाखा नक्षत्रमा पर्ने हुनाले विशाखाको अपभ्रंशबाट वैशाख भएको हो । सूर्यका भानु, दिवाकर, दिनानाथ, आदित्य, आइतलगायतका अनेकौँ नाम छन् । हप्ताको पहिलो दिन सूर्यकै नामबाट आइतबार शुरु हुन्छ । मत्स्यपुराण (१२५।४६-४७)का अनुसार सूर्यका रथमा गायत्री, त्रिष्टुप्, जतगी, अनुष्टुप्, पङ्क्ति, बृहती र उष्णिक् नामका सात घोडाहरू छन्, यी वेदका छन्द पनि हुन् । वेदका छन्दलाई रथ बनाउने सामर्थ्य परमात्माबाहेक अरूमा हुन सक्दैन । प्रिज्मको प्रयोग गरी सूर्यका सात किरणहरूलाई हेर्न सकिन्छ । वेद, उपनिषद्लगायतका शास्त्र र ग्रन्थहरूले संवत्सर, अयन, महिना, बार, तिथि, पक्ष, नवग्रहको व्यावहारिक र धार्मिक प्रयोग बताएका छन् । समयको सूक्ष्म एकाईअन्तर्गत पला, विपला, निमेष एवम् ठूलो एकाईमा वर्ष, युग आदि छन् । नेपालमा घण्टा र मिनेटभन्दा पहिले घडी र पलाको प्रयोग व्यापक थियो । तामाको भाँडामा घडा राखेर डुबेपछि एक घडी बितेको मानिन्थ्यो । २ घडी ३० पलाको एक घण्टा हुन्छ । कुनै पनि वस्तुको छायाँको लम्बाईबाट समयको जानकारी लिने विधि अहिले लोपोन्मुख भएको छ । मोबाइल र घडी आउनुपूर्व आर्यावर्तमा समय मापन सूर्यको आधारमा हुन्थ्यो । विक्रम संवत् पूर्णरूपमा सौर्यमासमा आधारित भए पनि अन्य माससँग यसले नजिकको सम्बन्ध राख्दछ । भविष्यपुराणमा भनिएको छ–

यः सूर्यं पूजयेन्नित्यं प्रणमेद् वापि भक्तितः ।
तस्य योगं च मोक्षं च ब्रध्नस्तुष्टः प्रयच्छति ॥

अर्थात्, "जसले नित्यरूपमा भक्तिपूर्वक सूर्यलाई पूजा र नमस्कार गर्ला त्यसलाई प्रसन्न भएका सूर्यले योग र मोक्ष प्रदान गर्दछन् ।" सूर्यलाई शक्तिको केन्द्र, प्रकाशको स्रोत, मुक्तिको मार्ग मानिन्छ । घाम नलागेको दिन पाचनशक्ति कमजोर हुन्छ । जहाँ सूर्य लाग्दैन त्यहाँ जीव र जीवनको अस्तित्व सङ्कटमा पर्छ । जस्तै उत्तरी र दक्षिणी ध्रुवमा सूर्यका किरण नपुग्नाले मानिसहरूको बसोबास छैन । श्रीकृष्णले ज्योतिमा आफूलाई सूर्य[५] बताएका छन् । सूर्यलाई अग्नि रूप मानिन्छ । 'अग्रे नीयते येन स अग्निः अर्थात्, जसले अगाडि (मोक्ष, सत्कार्यतर्फ) लैजान्छ त्यसलाई अग्नि भनिन्छ । अग्निका तीन काम हुन्छन्- ताप(तताउने), पाक(पकाउने) र प्रकाश (उज्यालो दिने) । वैज्ञानिकहरूले कृष्णछिद्र (Blackhole) र सूर्यबाट ॐको आवाज निरन्तर आउने बताएका छन् । सम्पूर्ण लोकका अग्नि बिहान सूर्यमा प्रवेश गर्दछन् र रात्रि सूर्य स्वयं अग्निमा बस्दछन् भन्ने शास्त्रीय मान्यता छ । यहीकारण प्रातःकालमा होम, यज्ञका कार्य गरिन्छ रात्रिमा गरिँदैन ।

भविष्यपुराणका अनुसार श्रीकृष्ण र जाम्बवतीका सुपुत्र साम्बलाई सन्मार्गमा ल्याउन अनेक प्रयत्न गर्दा समेत स्त्रीलम्पट हुन पुगे । साम्बको खराब आदतमा परिवर्तन नआएपछि श्रीकृष्णले उनलाई कुष्ठ रोगी हुने श्राप दिए । नारदमुनिले बताएको विधानअनुसार साम्बले सूर्यको पूजा, उपासना गरी कुष्ठ रोगबाट मुक्ति पाए । धौम्य ऋषिले बताएको विधिअनुसार युधिष्ठिरले सूर्यका एक सय आठ

नामका जप गरेकै कारण बाह्र वर्षसम्म वनबासमा खानाको अभाव नहुने तामाको अक्षय पात्र (भाँडा) पाए[६]। सूर्यपुराणमा सूर्यलाई परमात्मा, सृष्टिका संरक्षक, प्रकाशदाता, सम्पूर्ण देवताका प्रतिमूर्ति बताएको छ । महादेवको दायाँ आँखा सूर्य, चन्द्रमालाई बायाँ, अग्निलाई तेस्रो नेत्र मानिन्छ । ज्ञान र उज्यालोको प्रतीक मानिने हुँदा आर्यावर्तका विभिन्न स्थानमा सूर्यको मन्दिर छन् । सूर्यका मूर्तिमा अथाहा शक्ति सञ्चार भइरहने हुँदा मन्दिरभित्र राखिँदैन । पहिले उत्पत्ति भएकाले सूर्यलाई आदिदेव भनिन्छ । उदय अवस्थामा सूर्यको ब्रह्मरूप, मध्याह्नमा महेश्वर र अस्ताउने बेलामा विष्णुरूप मानिन्छ । सम्पूर्ण स्थावर र जङ्गमका आत्मा नै सूर्य हुन् । आत्मा भनेकै चेतन हो, चेतन भनेकै सूर्य हो । वेदले प्राणः प्रजानामुदयत्येष सूर्यः सबै प्राणीहरूको प्राण नै सूर्य हुन्[७] भनेको छ । सूर्यबाट निस्कने किरणलाई गो (गाई) भनिन्छ जसले हृदयघात, दुबीलगायतका रोग निवारण[८] गर्छ आँखाको तेज बढाउँछ । उदाउँदो सूर्यको दर्शन र इन्द्रेणीलाई हेर्दा आँखाका रोगहरू निको हुन्छ । 'आदित्यं च शिवं विद्याच्छिवमादित्यरुपिणम् । उभयोरन्तरं नास्ति ह्यादित्यस्य शिवस्य च अर्थात्, "सूर्यलाई शिव र शिवलाई सूर्यको रूपमा जान्नु । यी दुईमा कुनै अन्तर छैन ।"

ज्योतिषशास्त्रले जन्मकुण्डलीमा सूर्य निच (तुलाराशिमा) भए वा ६, ८, १२ स्थानमा शत्रुग्रहसँग बसेमा आत्मा कमजोर, हड्डी र दाहिनेआँखाको समस्या हुन्छ तर सूर्य उच्च, केन्द्र वा त्रिकोणमा बसे नेतृत्वकर्ता, साहसी हुने बताउँछ । सूर्यलाई ऊर्जा, आत्मा, आरोग्य, जन्मको प्रयोजन बताउने ग्रह मानिन्छ । सूर्य शान्तिका लागि हरेक दिन उदाउँदो सूर्यलाई सूर्यनारायणाय नमः अर्थात्, सूर्यनारायणलाई नमस्कार भनी रातो फूलसहित तामाको भाँडाद्वारा जल (पानी) चढाइन्छ । सूर्यसँग नारायण शब्द जोडिएकाले सूर्यलाई विष्णु वा प्राणीका पालनकर्ताका रूपमा लिइन्छ । सूर्यले सबै प्राणीको रक्षाका लागि अन्न प्रदान गर्नुहुन्छ[९] । पानीलाई वाफ बनाई पुनः बर्षाउने, प्राणीले नखाएका बिउबीजनलाई साररूपमा तानेर वर्षायाम वा अनुकूल अवस्था पारेर पृथ्वीमा फर्काइदिने काम सूर्यको हो । सूर्य देवता, विश्वामित्र ऋषि र गायत्रीदेवीको स्मरण गरी विधिपूर्वक बसी सूर्यलाई हेरेर गायत्रीमन्त्रको जप गर्नाले अटल सौभाग्य, पुत्र लाभ, ऐश्वर्य आदि प्राप्त हुन्छ भन्ने प्रमाण सत्यवान् र सावित्रीको कथाले पुष्टि गर्दछ । गायत्रीमन्त्रलाई सावित्री पनि भनिन्छ । सावित्रीको विवाह सत्यवान्सँग भएको थियो । सत्यवान् भनेको जीवात्मा हो । यमराजले सत्यवान्लाई लिएर जान्छ अर्थात् मायाले आत्मालाई ढाकेको छ । सावित्रीले पतिको पिछा गर्छिन् र यमराजबाट छुटाउँछिन् । अर्थात्, गायत्रीको अविरल साधनाबाट मायाको आवरण (अविद्या)को नाश हुन्छ र सत्यवान् फर्कन्छ वा परमात्माको साक्षात्कार हुन्छ भन्ने प्रतीकात्मक रहस्य हो । सूर्यलाई हेरेर मन्त्र, तन्त्र साधना गर्दा छिटो सिद्धि हुन्छ ।

हिन्दूइतरका धर्मावलम्बीहरूले सूर्यलाई कुनै न कुनै रूपमा पूजा गर्दछन् । घरमा शान्ति होस्, व्यापार व्यवसाय राम्रो होस् भनेर तामाको सूर्य बनाई पूर्वतर्फको ढोकामा झुण्ड्याउँछन् । बच्चा जन्मिएको ११ औँ दिनमा सूर्यको दर्शन गराइन्छ । नेवारी परम्परामा गुफा राखेर निकाल्दा सूर्यलाई परमात्माका रूपमा दर्शन गर्ने चलन छ । श्रीकृष्णले मध्याह्नको समयमा स्नान गरेर श्वेत वस्त्र धारण गरी हात जोडेर सूर्यको उपासना गरेका थिए ।[१०] समुद्रबाट पानी लिएर अन्नबालीलाई दिने, बिउलाई उमार्ने र बाली पकाउने, वनस्पतिलाई समय आएपछि पलाउने काम सूर्यले नै गर्छन् । सजिलै दर्शन गर्न सकिने सबैका कर्ता, भर्ता र हर्ता भएकाले सूर्य परमात्मा हुन् । उनैले दिन, रात, हप्ता, ऋतु, अयन बनाई प्राणीहरूमा तेजरूपले आँखामा बसेका छन् । उनैको बाह्र नामबाट महिना जन्मिए । सूर्यको पवित्र नाम ११ वा १३ नभएर बाह्रवटा भएकाले महिना पनि १२ भए । यसरी महिना र सूर्यबिच अन्तरङ्ग सम्बन्ध छ जसलाई ज्योतिषविज्ञानले बताउँछ ।❖

-खोप्लाङ, गोरखा

१. द्वादशारंनहितज्जरायवर्वतर्तिचक्रंपरिद्यामृतस्य ... ॥– ऋग्वेद (१।१६४।११-१२)
२ दिव्यो गन्धर्वो भुवनस्य यस्पतिरेक एव नमस्यो विक्ष्वीडयः ।–अथर्ववेद
३ शाक्ताः शैवा वैष्णवाश्च सौरगणपतास्तथा ।–महानिर्वाणतन्त्र (१।१४०)
४ उत् सूर्यो दिव एति पुरो रक्षांसि निजूर्वन् । आदित्यः पर्वतेभ्यो विश्वदृष्टो अदृष्टहा ॥ –अथर्ववेद
५. आदित्यानामहं विष्णुर्ज्योतिषां रविरंशुमान् ।–गीता (१०।२१)
६. अहमन्नं प्रदास्यामि सप्त पञ्च त ते समाः ॥ –महाभारत, (वनपर्व, अरण्यपर्व ३।७१)
७ सूर्य आत्मा जगस्तस्थुषश्च ।–शुक्लयजुर्वेद (७।४२)
८ उद्यन्नद्य मित्रमह आरोहन्नुत्तरां दिवम् । हृद्रोगं मम सूर्य हरिमाणं च नाशय ॥–ऋग्वेद (१।५०।११)
९. एवं भानुमयं ह्यन्नं भूतानां प्राणधारणम् ।–महाभारत, (वनपर्व, अरण्यपर्व ३।२८)
१०. तदा मध्याह्नसमये देवदेवः स्वयं हरिः । स्नातः शुक्लाम्बरो भानुमुपतिष्ठन् कृताञ्जलि ॥–कुर्मपुराण, (पूर्वभाग२६।४६)

प्रखरजी महाराज

धर्मसम्राट करपात्री महाराजका परमशिष्य अनन्त श्रीमहामण्डलेश्वर स्वामी श्री प्रखरजी महाराज भारतकै उत्कृष्ट विद्वान्का साथै तपोनिष्ठ याज्ञिक व्यक्तिको रूपमा परिचित हुनुहुन्छ । प्रखरजी महाराजद्वारा स्थापित 'श्री प्रखर परोपकार मिसन ट्रष्ट'ले भारतमा विभिन्न मन्दिर, विद्यालय, गुरूकुल र अस्पतालहरूको स्थापना एवम् सञ्चालन गरेको छ । नेपालको सबैभन्दा ठूलो क्यान्सर अस्पताल सुशील कोइराला प्रखर क्यान्सर अस्पताल, खजुरा बाँके, उहाँद्वारा नै स्थापना गरी नेपाल सरकारलाई हस्तान्तरण गरिएको हो । स्वामीजी नेपाललाई धेरै माया गर्ने सन्तका रूपमा परिचित हुनुहुन्छ ।

हाल पाशुपत क्षेत्र वनकालीमा प्रखरजी महाराजको सत्सङ्कल्पमा उहाँकै सान्निध्यतामा नेपालमा पहिलो पटक विराट् श्रीअयुतचण्डी महायज्ञ एवम् श्रीमहागणपति महायज्ञ शुभारम्भ हुन लागेको छ । मारवाडी सेवा समिति नेपालको तत्त्वावधानमा गत फागुन २७ गते भूमिपूजन लगायतका कार्यक्रम गरी शुभारम्भ भएको यस महायज्ञको मूल कार्यक्रम भने यही बैशाख १० बाट २४ गतेसम्म भगवान् श्रीपशुपतिनाथको सान्निध्य वनकाली प्राङ्गणमा सञ्चालन हुनेभएको छ ।

महायज्ञ आयोजक समितिले गत चैत १२ गते आयोजना गरेको पत्रकार सम्मेलनमा अनन्तश्री विभूषित महामण्डलेश्वर स्वामी प्रखरजी महाराजले नेपालीहरूकै सर्वाङ्गिण विकासको निम्ति यस कार्यक्रमको आयोजना गरिएको जानकारी दिनुभएको थियो । महायज्ञको तयारी भव्य रूपमा चलिरहँदा कतिपय धार्मिक संघसंस्थाले गुरू अस्तको समयमा महायज्ञ गर्ने अनुकूल समय होइन भन्दै विज्ञप्ति नै सार्वजनिक गरिएको पाइयो । यसै सन्दर्भमा महायज्ञको समग्र पक्ष र यसको साइतको निरूपणका निम्ति महाराजजीले विभिन्न समयमा भक्तजनको सामु दिनुभएको प्रवचन र पत्रकार सम्मेलनमा व्यक्त विचारलाई बुँदागत रूपमा प्रस्तुत गरिएको छ ।

महायज्ञ शास्त्रीय मर्यादा विपरीत छैन ।

महायज्ञ आयोजनाको मूल उद्देश्य के हो ?

मैले विगत १५/१६ वर्ष अगाडिदेखि नेपालमा एउटा विशाल महायज्ञको आयोजना गर्न यहाँका शुभेच्छुक भक्तजनहरू विशेष गरी मारवाडी समुदायसँग परामर्श गर्दैआएको थिएँ । विगत १६ वर्षदेखिको मेरो संकल्प यस पटक पूरा हुने भएको छ; नेपालमै पहिलो पटक श्रीअयुतचण्डी महायज्ञ एवम् श्रीमहागणपति महायज्ञ शुभारम्भ भैसकेको छ । यस महायज्ञ 'नेपालको सर्वाङ्गीण विकास, आर्थिक उन्नति, औद्योगिक क्रान्ति, स्वआत्मनिर्भर एवम् समुन्नत नेपालको निर्माण तथा स्वरोजगार एवम् स्वावलम्बनको सिर्जनाका लागि' भन्ने उद्देश्य सहित आयोजना गरिएको छ ।

महायज्ञमा के कस्ता कार्यक्रमहरू आयोजना हुने छन् ?

यो महायज्ञ गत फागुन २७ गते श्री पशुपतिनाथ एवम् वनकाली क्षेत्रमा भूमिपूजन एवम् मण्डव निर्माण, गौरी गणेश पूजन, प्रधान संकल्पपूर्वक आभ्युदयिक श्राद्ध(नान्दीमुख), नवग्रह पूजा, मातृका पूजा सहित शुरू गरिएको छ । तत्पश्चात् फागुन २८ गते पञ्चमी तिथिदेखि श्रीदुर्गा सप्तशती, श्रीगणेश अथर्वशीर्ष, श्रीसुक्त आदिको नित्य पाठ आरम्भ भएको छ । महायज्ञका मूल कार्यक्रम भने यही १० देखि २४ गतेसम्म वनकाली प्राङ्गण (हंस

मण्डप) र सुमार्गी भवनमा समेत भव्य रूपमा आयोजना हुनेछ । जसमा २५१ ब्राह्मणद्वारा १०० कुण्डीय विराट श्री अयुतचण्डी महायज्ञ एवम् श्रीगणपति महायज्ञ, श्रीमद् भागवत कथा, सन्त सम्मेलन एवम् श्रीकृष्ण रासलीलाका कार्यक्रमहरू आयोजना हुनेछन् । महायज्ञ अन्तर्गत जगद्‌गुरू रामानुजाचार्य स्वामी राघवाचार्य जी महाराजले १५ दिनसम्म श्रीमद्‌भागवत कथाको प्रवचन गर्नुहुने कार्यक्रम छ । महायज्ञको आकर्षणका रूपमा वृन्दावनबाट आउने रासलीला टोलीले शास्त्रीय आयामलाई समेटी लीला मञ्चन गर्ने कार्यक्रम पनि तय भएको छ ।

अयुतचण्डी र महागणपति महायज्ञ भनेको कस्तो यज्ञ हो ?

अयुतचण्डी महायज्ञमा दुर्गा सप्तशतीको दश हजार पाठ गरी त्यसको दशांश एक हजार र महागणपति महायज्ञमा चालीस हजार श्रीगणपति अथर्वशीर्ष पाठका साथै त्यसको दशांश चार हजार हवन, तर्पण र मार्जन गरिने छ । वनकाली प्राङ्गणमा निर्माण गरिएका १०० वटा कुण्डमा प्रतिदिन प्रत्येक कुण्डमा एक यजमान दम्पति गरी एक सय यजमान दम्पति २५१ ब्राह्मणहरूको सहभागिता रहनेछ । यस महायज्ञमा जम्मा एक करोड दश लाख (१,१०,००,०००) दुर्गासप्तशती मन्त्र र पाँच लाख बहत्तर हजार(५,७२,०००) श्रीगणेश मन्त्रको प्रयोग हुनेछ ।

दैनिक कार्यक्रमहरुको समय र स्थान ?

यज्ञ आयोजक समितिले अत्यन्तै व्यवस्थित प्रकारले कार्यक्रम तयार गरेको छ । मूल कार्यक्रम शुभारम्भ भएपछि महायज्ञ प्रत्येक दिन बिहान ७ देखि दिउँसो १ बजेसम्म र दिउँसो ३ देखि साँझ ६ बजेसम्म आयोजना हुनेछ । श्रीमद् भागवत कथा वैशाख १० देखि २४ गतेसम्म प्रत्येक दिन दिउँसो २ देखि साँझ ६ बजेसम्म सुमार्गी भवनमा हुनेछ । यज्ञशालामा महाआरती प्रत्येक दिन साँझ ६ बजे हुनेछ भने रासलीलाको कार्यक्रम बेलुकी ६ पछि ९ बजेसम्म सञ्चालन हुने छ । सन्त सम्मेलन बैशाख १७ देखि २३ गतेसम्म हरेक दिन साँझ ५ देखि ६ बजेसम्म हुनेछ । महायज्ञको पूर्णाहुति वैशाख २४ गते अपरान्ह साढे १२ बजे हुनेछ ।

कोही भक्तले यस महायज्ञमा कसरी सहभागी बन्न सक्छन् ?

यज्ञको शुद्धतालाई ध्यान दिई कर्ता र गुरूहरू बाहेक यज्ञमण्डपमा अन्य भक्तजनलाई प्रवेश गराइने छैन । महायज्ञ अवधिभर यहाँ आउने भक्तजनले दुर्गा सप्तशति पाठ, गणपति अथर्वशीर्ष पाठ श्रवण गर्ने, श्रीमद्‌भागवत कथामृत पान गर्ने र साँझ हुने रासलीलाको झाँकी दर्शन गर्न पाउनुहुने छ । महायज्ञ अवधिभर कमसेकम १०८ पटक यज्ञमण्डप परिक्रमा गर्नुभएमा महायज्ञको लाभ(पुण्य) अवश्य प्राप्त गर्न सक्नुहुने छ ।

महायज्ञको आर्थिक श्रोत व्यवस्थापन कसरी गर्नुहुन्छ ?

विगतमा भारतवर्षमा गरिएका महायज्ञहरूको

अनुभवको आधारमा अहिले आयोजना भइरहेको महायज्ञको समग्र खर्च करिव २ करोड ५ लाख भारतीय रूपैयाँ अर्थात् नेपाली ४ करोड लाग्ने प्रारम्भिक अनुमान छ । तर यस प्रकारको महायज्ञ नेपालमा पहिलोचोटि गर्न लागिएको हुँदा हामीले अनुमान गरिएभन्दा खर्च केही तलमाथि पनि हुन सक्छ । महायज्ञको आयोजक मारवाडी सेवा समितिमार्फत नै यज्ञको निम्ति आम्दानी र खर्चको व्यवस्थापन हुने हो । महायज्ञमा कर्ता/यजमानसँग निश्चित रकम संकलन गरिएको छ । शुभेच्छुक भक्तजनले महायज्ञमा स्वस्फुर्तरूपमा द्रव्य या जिन्सी सामग्री पनि प्रदान गर्नुभएको छ । आयोजक समितिले बाहिर सार्वजनिक रूपमा यस यज्ञको लागि चन्दा या दानको कुनै आह्वान गरेको छैन ।

महायज्ञ अनुकुल साइतमा गरिएन भन्ने गुनासोको छ । यस सन्दर्भमा के भन्नुहुन्छ ?

अहिले गुरू अस्तको समयमा महायज्ञको आयोजना गरियो भन्ने बारेमा यदि कोही कसैले टिकाटिप्पणी गर्दछन् भने यसमा कुनै सत्यता छैन । यस महायज्ञको आरम्भ गत मार्च ११ तारिख अर्थात फागुन २७ गतेबाट नै भएको हो । त्यो समयमा गुरू अस्त थिएन । फेरि यज्ञको समापन मई ७ तारिख अर्थात बैशाख २४ गते हुनेछ । यस समयमा पनि गुरूको उदय भइसकेको हुनेछ । यज्ञको प्रारम्भ र यज्ञको समापनमा गुरू अस्तको कुनै प्रभाव छैन । केवल बीचको समयमा अस्त भएकोमा कुनै असर पर्दैन । कसैले गायत्री पुरस्चरणको आयोजना गऱ्यो भने साढे दुई वर्षसम्म निरन्तर चल्दछ । साढे दुई वर्षसम्म कतिपटक शुक्र या वृहस्पति (गुरू)को अस्त हुन्छ होला ? के गायत्री पुरस्चरण अप्रमाणित मानिन्छ ? त्यसैगरी यो महायज्ञको आरम्भ गुरू उदयकै समयमा शुभ साइतमा गरिएको र समापन पनि गुरू उदयकै समयमा हुने भएकोले अप्रमाणिक या अशुभ भन्ने प्रसंग नै आउँदैन ।

महायज्ञको साइतको सम्बन्धमा सम्पूर्णानन्द विश्वविद्यालयका प्राध्यापक सहित काशीका महान् विद्वान् हरूले समर्थन सहित आफ्नो अभिमत विज्ञप्तिमार्फत प्रेसित गरिसक्नुभएको छ र उहाँहरूको भौतिक उपस्थितिले महायज्ञलाई अझै सुशोभित तुल्याउने छ । नेपाल र नेपालीको कल्याणको निम्ति आयोजना गरिएको यसप्रकारको विशुद्ध यज्ञलाई विवाद पार्न खोज्नुमा कुनै सत्यता छैन । आवश्यक परे विद्वान्हरू शास्त्रार्थ गर्न समेत तयार हुनुहुन्छ । यो मात्र होइन कुनै पनि यज्ञ शास्त्रीय मर्यादाको विपरीत हुनेगरी गरेको छैन र गर्दिन पनि । ❖

नेपाल राष्ट्र बैंक । असतो मा सद्गमय । काठमाडौं नेपाल

नेपाल राष्ट्र बैंकको अनुरोध

- आधुनिक प्रविधिको प्रयोग गरी समय र लागत कम लाग्ने विद्युतीय बैंकिङ कारोबार गरौं ।
- राजस्व, विल/महसुल, आवेदन शुल्क, दस्तुर आदिको भुक्तानी विद्युतीय माध्यमबाट घरैमा बसेर गर्न सकिन्छ ।
- QR Code वा डेविट/क्रेडिट कार्डबाट नि-शुल्क तथा कम शुल्कमा पैसा भुक्तानी गर्न सकिन्छ ।
- डिजिटल कारोबार गर्दा पैसा बोक्नुपर्ने झन्झट नहुने, रकम चोरी हुने/हराउने समस्या रहँदैन ।
- नोटको प्रयोग कम हुने भएकाले नोट छपाइ तथा व्यवस्थापन खर्च कम हुन्छ ।
- आफ्नो बैंक खाता रहेको बैंक वा वित्तीय संस्थाबाट विद्युतीय कारोबारसम्बन्धी जानकारी लिऔं ।
- डिजिटल कारोबारमा विद्युत्तीय माध्यमबाट हुनसक्ने ठगीबारे सजग बनौं ।
- विद्युतीय कारोबार गर्दा प्रयोग हुने Personal ID, Password, Pincode, कसैलाई पनि नदिऔं ।

बुद्ध : जाति, वर्ण र वंशको हिसाबभन्दा उच्च !

–घनश्याम कोइराला

सिद्धार्थ गौतम बुद्ध हिन्दु र बौद्ध दुवै धर्म र संस्कृतिको समन्वयका प्रतीक हुन् । गौतम बुद्धको जन्म ई.पूर्व ५६३ मा अर्थात् आजभन्दा २५८५ वर्षअघि हाम्रो देश नेपालको लुम्बिनीमा भएको हो । नेपालमा जन्मेका गौतम बुद्ध नेपालका राष्ट्रिय विभूति र अन्तर्राष्ट्रिय व्यक्तित्व हुन् । बुद्धलाई हिन्दुहरूले भगवान् विष्णुको अवतार र बुद्ध धर्मकाले संस्थापकका रूपमा मान्दछन् । बुद्धका विषयमा संसारमा धेरैथरि अध्ययन भएको छ । धार्मिक हिसाबले पनि संसारको निकै ठूलो जनसङ्ख्या बौद्ध मतावलम्बी रहेको छ । बुद्धलाई गौतम बुद्ध, सिद्धार्थ गौतम, शाक्यमुनि बुद्ध आदि अनेकौं नामले सम्बोधन गरेको पाइन्छ । इतिहास प्रमाणका आधारमा भन्नुपर्दा बुद्ध कपिलवस्तुका शाक्यवंशीय राजा शुद्धोदन र महारानी मायादेवीका सन्तान हुन् ।

मानिस मानिसभन्दा माथि उठेको मानिस बन्न ठूलै तपस्या गर्नुपर्छ भन्ने ज्ञान महामानव गौतम बुद्धको जीवनीबाट थाहा हुन्छ । बुद्धले गरेको तपस्या र उहाँले त्यतिखेर भोग्नुपरेको लाञ्छना सानोतिनो थिएन । आलोचना, लाञ्छना भन्ने कुरा सबैभन्दा नजिकका मानिसहरूबाट नै सबैभन्दा बढी हुन्छ भन्ने बुझ्न पनि अन्त कतै जानु पर्दैन ।

राजकुमार सिद्धार्थ गौतमबाट शाक्यमुनि बुद्ध, महात्मा बुद्ध, महामानव, शान्तिका अग्रदूत, भगवान् बन्न उनले प्राण नै संकटमा पर्ने गरी कठोर तप गरेको प्रसंग छ । कठोरताबाट नभई जीवन र लक्ष्यका बीच सन्तुलनको मध्य मार्ग अपनाएर सफलता प्राप्त हुने व्यावहारिक निष्कर्षको अवलम्बनबाट बुद्धले शान्तिको मार्ग पहिल्याएका थिए । यसबिच उनको तपश्चर्याबाट प्रभावितहरूले उनको व्यावहारिक तथा सन्तुलित जीवनचर्याको आलोचना र निन्दा समेत गरेका थिए । निन्दा र आलोचनाबाट विचलित नभई, आदर्शबाट च्यूत नभई, सन्तुलित साधनाबाट सिद्धि प्राप्त गरेका बुद्धको गृह त्यागदेखि बुद्धत्व प्राप्तिसम्मको विषय नै बुद्धले गरेको तपःसाधना– तपस्या हो ।

नेपाली उखान, 'फलेको रूखमा झटारो ।' बुद्धलाई कहिलेकाहीँ विवादको विषय बनाएको पाइन्छ । बुद्ध विवाद होइनन्, बुद्ध त समाधान हुन् । बुद्ध खोजी मात्र होइनन्, उपलब्धि हुन् । बुद्ध खोजीका अन्त्य होइनन्, खोजिरहन सकिने व्यक्तित्व हुन् । नाक–नस्लमा देखिने आर्य–अनार्यमा बुद्ध भेटिँदैनन् । बुद्धको खोजी जात, धर्म र नस्लमा खोज्नु र निष्कर्ष निकाल्नु बुद्धप्रतिको अन्याय ठहर्छ । महान् व्यक्तित्वहरू जात, धर्म, नस्ल आदिभन्दा माथि हुन्छन् । बुद्धलाई कसैको स्वीकारोक्तिको चुलीमा र अस्वीकारोक्तिको खाडलमा खोजिनु, तोकिनु र सीमित पारिनुहुँदैन । बुद्धलाई सबै देश, सबै जाति समुदाय, सबै नस्ल, सबै धार्मिक मान्यता भएका मानिसहरूले मानून् भन्ने सोच्नु पर्दछ ।

संसारले हरेक वर्ष वैशाख पूर्णिका दिन बुद्धको जन्म दिन मनाउँछ, हामी पनि मनाउँछौँ । बुद्धको जन्म, वंश, त्याग र उपदेशको चर्चा हुने गर्दछ । बुद्धलाई धर्म, वर्ण, अवतारसँग जोडेर पनि चर्चा गरिएकै हुन्छ । तर, के हामी बुद्धको जन्मभूमिका मानिसहरूले बुद्धलाई आफ्नो निजी, सामाजिक र राष्ट्रिय(राजकीय) जीवनमा अनुवाद गरेका छौँ ? के बुद्ध चर्चाका मात्र विषय हुन् ? के यिनी धार्मिक मत–मान्यताका विवादका विषय हुन् ? के बुद्धको खोजबाट हामी वर्तमान र भविष्यका लागि लाभान्वित हुन सक्ने मौलिक मार्गदर्शन फेला पार्न र त्यसलाई अवलम्बन गर्न सक्दैनौँ ? बुद्धको संकेतलाई हामीले हाम्रा समस्या समाधान र अवसर विकासको माध्यम बनाउन सक्दैनौँ ? यसतर्फ सोच्नु आवश्यक छ । अन्यथा बुद्धलाई खोक्रा आदर्शवादी कथा र उनको जन्मस्थलको सारहीन भग्नावशेषको कथामा सीमित पारेका हुनेछौँ ।

तस्विर: वरिष्ठ कलाकार हरिप्रसाद शर्मा

बौद्ध साहित्यहरू अध्ययन गर्दा उनी राजदरबारमा रहँदैदेखि केही विशिष्ट गुणहरूको वर्णन पाइन्छ । बुद्धमा प्राणीहरूप्रतिको करूणा थियो । बुद्धमा सहनशीलताको गुण थियो । बुद्धमा त्यागको भावना थियो । बुद्धमा दृढ संकल्प थियो । बुद्ध संयमित र धैर्य थिए । बुद्धमा जिज्ञासु र अन्वेषक प्रवृत्ति थियो । उनी अन्तर्मुखी थिए । यी विषयलाई पुष्टि गर्ने अनेकौँ घटनाहरू कथाका रूपमा पढ्न पाइन्छ ।

हामीले प्रायः चर्चा गरिने र यहाँ चर्चा गरिएका बुद्ध गौतम बुद्ध हुन्, शाक्यमुनि बुद्ध हुन् । यसअघि पनि बुद्ध थिए । उनीहरूको यति चर्चा र स्वीकारोक्ति सीमित छ ।

हिन्दुधर्मशास्त्रीय दृष्टिले हेर्दा बुद्ध भगवान् विष्णुका नवौँ अवतारको रूपमा देखिएजस्तै बौद्ध दृष्टिले हेर्दा उनी एउटा खास अवतार हुन् । बुद्ध परम्पराका दृष्टिले सिद्धार्थ गौतम, गौतम बुद्ध, शाक्यमुनि बुद्ध २८ औँ बुद्ध हुन् । सबै बुद्धका नाम यस प्रकार छन् :

१. तण्हकर बुद्ध, २. मेघंकर बुद्ध, ३. सरणंकर बुद्ध, ४. दीपंकर बुद्ध, ५. कोण्डञ्ञ बुद्ध, ६. मंगल बुद्ध, ७. सुमन बुद्ध, ८. रेवत बुद्ध, ९. सोभित बुद्ध, १०. अनोमदस्सी बुद्ध, ११. पदुम बुद्ध, १२. नारद बुद्ध, १३. पदुमुत्तर बुद्ध, १४. सुमेध बुद्ध, १५. सुजात बुद्ध, १६. पियदस्सी बुद्ध, १७. अत्थदस्सी बुद्ध, १८. धम्मदस्सी बुद्ध, १९. सिद्धत्थ बुद्ध, २०. तिस्स बुद्ध, २१. फुस्स बुद्ध, २२. विपस्सी बुद्ध, २३. सिखी बुद्ध, २४. वेस्भू बुद्ध, २५. ककुसंघ बुद्ध, २६. कोणागमन बुद्ध, २७. कस्सप बुद्ध, २८. गौतम बुद्ध हुन् भने अब हुने बुद्ध २९ औं हुन् र उनको नाम मैत्रेय बुद्ध हुनेछ । (यी नामहरू प्राकृत भाषामा छन् ।)

हिन्दुधर्म शास्त्रानुसार बुद्ध भगवान् विष्णुको कलियुगका अवतार हुन् । शास्त्रानुसार भगवान् विष्णुका २४ अवतार छन् । यीमध्ये १० मुख्य अवतार छन् । यी १० मध्ये बुद्धलाई कलियुगको पहिलो र जम्माजम्मीमा नवौँ अवतार हुन् ।

सिंगो युगका 'प्रधान पुरूष' मानिएका बुद्धबारे धार्मिक हिसाबले अन्यथा अर्थ लगाउनु सही हुँदैन । युग भनेको समयको ठूलो विभाजन हो । यस सम्बन्धमा विभिन्न मान्यताहरू रहेका छन् ।

हिन्दु शास्त्रहरूमा समयको विभाजन ठूलोबाट अतिसूक्ष्मसम्म गरिएको पाइन्छ । यहाँ समयको ठूलो विभाजन मन्वन्तर, कल्प र युगमा गरिएको हुन्छ । कल्प : ब्रह्माको एक वर्षलाई कल्प मानिन्छ । कल्पको ३० खण्ड हुन्छ । अहिलेको कल्पलाई श्वेत वाराह कल्प भनिएको छ ।

एक कल्पमा चौध मन्वन्तर हुन्छ । मन्वन्तर भनेको एउटा मनुको कार्यकाल हो । मनु १४ वटा हुने बताइएको छ । युग सत्य, त्रेता, द्वापर र कलि गरी चार वटा हुन्छ । हरेक युगमा भगवान् विष्णुको अवतार फेरिन्छ भन्ने मान्यता पुराणहरूमा पढ्न पाइन्छ । यस मान्यता अनुसार सत्ययुगमा मत्स्य, कूर्म, वराह, नृसिंह, वामन अवतार भएको थियो ।

दोस्रो युग त्रेता हो । यस युगमा दुई अवतार भयो– राम र परशुराम । तेस्रो युग द्वापर हो । यस युगमा कृष्णको अवतार भयो । चौथो युग कलि हो । कलि युगमा दुई वटा अवतार हुने उल्लेख छ । ती दुई अवतार हुन्- बुद्ध र कल्कि । यस हिसाबले हिन्दुधर्मावलम्बीहरू बुद्धलाई यस युगका विष्णु हुन् भनेर स्वीकार गर्दछन् भन्ने पुष्टि हुन्छ ।

मत्स्य कूर्मो वराहश्च नारसिंहोऽथ वामनः । रामो रामश्च कृष्णश्च बुद्धः कल्किश्च ते दशाः ॥ अर्थात् मत्स्य (माछो), कूर्म (कच्छप/कछुवा), वराह (बँदेल), नृसिंह, वामन, परशुराम, राम, कृष्ण, बुद्ध र कल्कि गरी दस अवतार छन् ।' धर्मशास्त्र अनुसार अहिलेको युगको नेतृत्व बुद्धबाट भइरहेको छ । त्यसैले, हरेक हिन्दुले विवाह, व्रतबन्ध, देवकर्म, पितृकर्म लगायतका कर्मकाण्डमा संकल्प लिँदा 'श्रीश्वेत वराह कल्पे, वैवस्वत मन्वन्तरे, कलियुगे, बौद्धावतारे .... आदि उच्चारण गर्दछन् ।

यतिमात्र होइन, हिन्दुधर्मशास्त्रमा सृष्टिकर्ता भनिएका ब्रह्माका सन्तानक्रमको निरन्तरतामा समेत शाक्य, शुद्धोदनको उल्लेख हुनु र बुद्ध यही वंशका हुनु स्वीकार्यताको आधार हो । व्यासरचित १८ पुराण मध्येको विष्णुपुराणको चतुर्थ अंश, अध्याय २२ मा यस्तो उल्लेख छ :

'श्रीपराशर भन्दछन्- अब म भविष्यमा हुने इक्ष्वाकुवंशीय राजाहरूको वर्णन गर्दछु । बृहद्बलको छोरा बृहत्क्षण हुनेछन् । उनका छोरा उरूक्षय र उरूक्षयका वत्सव्यूह, वत्सव्यूहका प्रतिव्योम, प्रतिव्योमका दिवाकर, दिवाकरका सहदेव, सहदेवका बृहदश्व, बृहदश्वका भानुरथ, भानुरथका प्रतीताश्व, प्रतीताश्वका सुप्रतीक, सुप्रतीकका मरूदेव, मरूदेवका सुनक्षत्र, सुनक्षत्रका किन्नर, किन्नरका अन्तरिक्ष, अन्तरिक्षका सुपर्ण, सुपर्णका अमित्रजित, अमित्रजितका बृहद्राज, बृहद्राजका धर्मी, धर्मीका कृतञ्जय, कृतञ्जयका रणञ्जय, रणञ्जयका सञ्जय, सञ्जयका शाक्य, शाक्यका शुद्धोदन...' उल्लेख छ । (विष्णुपुराण अंश ४, अध्याय २२, श्लोक १-८)

यसरी राजा हुने क्रममा भने बुद्धको नाम नभई राहुलको नाम उल्लेख छ । यसरी गौतम बुद्धको वंश परम्परालाई सृष्टिकर्ता ब्रह्माको सन्तानको निरन्तरतामा राखिनु महत्त्वपूर्ण छ । यो वंश रघु, दशरथ, रामको वंश हो ।

संस्कृत भाषाको सुप्रसिद्ध नामकोश 'अमरकोष' अनुसार बुद्धका २५ नाम छन् । ती नाम यस प्रकार छन् : १. सर्वज्ञ, २. सुगत, ३. बुद्ध, ४. धर्मराज, ५. तथागत, ६. समन्तभद्र, ७. भगवान्, ८. मारजित्, ९. लोकजित्, १०. जिन, ११. षड्भिज्ञ, १२. दशबल, १३. अद्वयवादी, १४. विनायक, १५. मुनीन्द्र, १६. श्रीघन, १७. शास्ता, १८. मुनि, १९. शाक्यमुनि, २०. शाक्यसिंह, २१. सर्वार्थसिद्ध, २२. शौद्धोदनि, २३. गौतम, २४. अर्कबन्धु, २५. मायादेवीसुत ।

यी सबै नामका विशेष अर्थ छन् । अमरकोशमा कोषबद्ध गरिएका यी नामहरूकै कारण पनि बुद्धलाई हिन्दुहरूद्वारा शक्तिशाली भगवान्को रूपमा स्वीकार गरिएको पुष्टि हुन्छ । यी नामले बुद्धका गुण, स्वभाव र सामर्थ्य वहन गर्दछन् भन्न हिचकिचाउन पर्दैन ।

हिन्दुधर्मशास्त्रसँग बुद्धलाई जोड्नुको तात्पर्य हिन्दुकरण गर्नु होइन, यसो गर्नु आवश्यक पनि छैन । संसारका सबैका लागि बुद्धको व्यक्तित्व र कृतित्व आफैमा महत्त्वपूर्ण छ । सनातन संस्कृतिका महत्त्व बढाउनकै लागि पनि बुद्धलाई हिन्दुकरण गरिरहन आवश्यक छैन । बुद्ध, केवल बुद्ध मात्र यस्ता मत प्रवर्तक हुन्, जसले आफ्ना पूर्ववर्ति व्यक्तित्वका कुनै विषयको आलोचना, विरोध र निन्दा गरेका छैनन् । अन्य मतका प्रवर्तकहरू खण्डन–मण्डन प्रवृत्तिबाट स्थापित भएका छन्, तर बुद्धबाट यस्तो भएको पाइँदैन ।

संसारमा फैलिएको बुद्धको प्रभावबाट केही पूर्ववर्ति मान्यताका पक्षधरहरूमाथि केही चोट परेको हुन सक्दछ र तिनको पुनःजागरणको प्रयास भएको सन्दर्भ पढ्न पाइन्छ । तर, परम शक्तिमान ईश्वर (भगवान् विष्णु) स्वयंको अवतार हुन्छ भन्ने पुष्टि गर्ने कृष्णको यो कथन–

यदा यदा हि धर्मस्य ग्लानिर्भवति भारत। अभ्यूत्थानमधर्मस्य तदात्मानं सृजाम्यहम् । अर्थात्, हे अर्जुन, जहिले जहिले धर्मको हानि र अधर्मको वृद्धि हुन्छ त्यति त्यतिबेला म आफू स्वयं प्रकट हुन्छु । (श्रीमद्भगवत गीता, अध्याय ४, श्लोक ७) मान्यता राख्नेहरूबाट बुद्धलाई त्यस रूपमा स्वीकार गरिएकै छ । बरू, बुद्धको अवतार हुन त्यतिबेला धर्मको हानि भइरहेको, अधर्मको विस्तार भइरहेको विषयमा भने ध्यान दिन आवश्यक हुन्छ । बुद्धावतारको औचित्यको वस्तुगत अवस्थाको अध्ययन हुन आवश्यक छ ।

यही कुरा अवतार नमान्नेहरूले पनि बुद्धको त्याग, तप (साधना/खोज) र निष्कर्षहरूबाट शिक्षा लिन आवश्यक छ । खासगरी, बुद्धका यी निष्कर्षहरू– 'बुद्धं शरणं गच्छामि अर्थात् ज्ञानको शरणमा जान्छु, ज्ञानलाई सर्वोपरि महत्त्व दिन्छु । धम्मं शरणं गच्छामि अर्थात् धर्मको शरणमा जान्छु, नीति–नियम, आचरण, कर्तव्य आदिलाई स्वीकार र सम्मान गर्दछु । संघं शरणं गच्छामि अर्थात् संघको शरणमा जान्छु, मेलजोलमा बस्दछु, अर्काको दुःखमा साथसहयोग गर्न र आफ्नो असहजतामा सबैलाई सहभागी बनाउने व्यवहार आत्मसात गर्दछु ।' यी निष्कर्षहरू मन्त्रका रूपमा स्वीकृत छन् । यति मात्र पर्याप्त छैन, यी निष्कर्षका पछाडि त्यतिबेलाको सामाजिक अवस्थाको सङ्केत गर्दछन् । ज्ञान, धर्म र सङ्घलाई सर्वोपरि स्वीकार गरी सम्मान गर्नुपर्ने आवश्यकताबारे सामाजिक अध्ययन गरेर नै बुद्ध यस निष्कर्षमा पुगेको सहज अनुमान गर्न सकिन्छ ।

हुन त बुद्धका यी निष्कर्ष कालजयी छन् र त बुद्ध कालजयी छन् । बुद्धको उपदेशमा रहेको आर्य अष्टाङ्ग मार्गको '१.सम्यक दृष्टि, २. सम्यक संकल्प, ३. सम्यक वचन, ४. सम्यक कर्म, ५. सम्यक आजीविका, ६. सम्यक व्यायाम, ७. सम्यक स्मृति, ८. सम्यक समाधि' लाई वैयक्तिक जीवनदेखि राष्ट्रिय स्तरका योजना तर्जुमा गर्न उपयोग गर्न सकिन्छ । दृष्टिकोण, दृढ संकल्प, सन्तुलित र संयमित वचन, निरन्तर सत्कर्म, सदाचारमा आधारित आजीविका, स्वस्थ शरीर, स्मरणशीलता, सन्तुष्टिका विषयले गरेको स्पष्ट र सारभूत मार्गदर्शन हामीले ग्रहण गर्न सक्नुपर्ने होइन र ?

यी विषय उपदेश र प्रवचनका मात्र विषय होइनन्, व्यावहारिक जीवनका उन्नतिका लागि वैज्ञानिक मार्गदर्शन हुन् । बुद्धको जाति, वर्ण, वंशको हिसाब गरेर, कसैसँग फरक देखाएर होइन, बुद्धको जीवनी र जन्मस्थल मात्र होइन; बुद्ध सनातन र वैशिष्ट्य दुवै दृष्टिले हाम्रा मार्गदर्शन हुन् । कम्तीमा बुद्ध हिन्दु र बौद्ध दुवैका बराबर हुन् । यस मान्यताले हामी हाम्रो संस्कृतिका आधारहरू एउटै रहेको पाउने छौँ । यसबाट हामी ठूलो अन्तर्विरोधबाट मुक्त हुन सक्दछौँ । बुद्धलाई हिन्दुधर्मग्रन्थमा भेटिनुलाई, विष्णुको अवतारको रूपमा ग्रहण गर्नुलाई 'हिन्दुकरण' गर्ने सन्दर्भमा नभई बौद्ध र हिन्दुको मिलन बिन्दुका रूपमा बुझ्नु सबैका लागि श्रेयस्कर होला !

शाक्यमुनि बुद्ध–गौतम बुद्ध अघि पनि त्यति धेरै बुद्ध भए । तर, संसारले गौतम बुद्धलाई नै यति बढी महत्त्व दियो भन्ने हो । अवतारसँग जोड्नुको अर्थ पनि पौराणिक ग्रन्थका कथ्यलाई वैज्ञानिक तथ्यसँग जोड्नु हो । 'अवतार'को समाज शास्त्रीय दृष्टिले विशिष्ट अर्थ छ । यसमा जीव विज्ञानको विषय पनि स्पष्ट छ । पानीबाट उत्पन्न जीवको प्रतिनिधित्व गर्ने माछोदेखि विशिष्ट अर्थ वहन गर्ने ज्ञान, धर्म र संघको माध्यमबाट पूर्ण सभ्य मानव समाजको उपदेश दिने बुद्धसम्मको मानव विकास क्रम बुझ्न सहयोग हुने विषय 'अवतार'मा संश्लेलित रहेको तथ्य पुष्टि हुन्छ ।❖

-त्रिवेणीधाम, नवलपरासी (हाल पेप्सीकोला, काठमाडौ)

हार्दिक शुभकामना

नयाँ वर्ष २०८० को सुखद उपलक्ष्यमा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरू दाजुभाइ दिदीबहिनीहरूमा सुख, शान्ति एवम् समृद्धिको कामना गर्दै हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

स्वाध्याय परिवार
तफाँलोंह, मानभवन, ललितपुर

सत्य देवी : प्रार्थना र साधना

—केशवप्रसाद चौलागाईं

महालक्ष्मी नगरपालिका वडा नं. ३ बोफ्रे पोखरी (इबिदह) स्थित सत्येश्वर महादेवसँगै अवस्थित सत्य देवी मन्दिर सिद्धस्थलका रूपमा प्रसिद्ध रहेको छ । “सर्वं खल्विदमेवांहं नान्यदस्ति सनातनम्” **अर्थात समस्त जगत म नै हुँ, म भन्दा अन्य कुनै सनातन छैन भन्ने श्रीमद्देवीभागवतमहापुराणको कथनबाट नै सत्य देवीको महत्त्व बुझ्न सहज बन्दछ । देवताहरूद्वारा देवीको स्तुतिबाट पनि उहाँको महत्त्व बुझ्न सकिन्छ ।**

“नमो देव्यै महादेव्यै शिवाय सततं नमः ।
नमः प्रकृत्यै भद्रायै नियतः प्रणताः स्म ताम्”

देवीलाई नमस्कार गर्दछौं । महादेवी एवम् कल्याणकर्तीलाई सदा नमस्कार गर्दछौं । गुणसाम्यावस्था- रूपीणी मगंलमयी प्रकृति देवीलाई नमस्कार गर्दछौं । नियमयुक्त भएर हामी उहाँलाई प्रणाम गर्दछौं भन्दै देवताहरूद्वारा देवीलाई गरिएको स्तुती अनुरूप देवीलाई प्रसन्न गराउँदै मनको इच्छा प्राप्त गर्न निम्न साधना फलदायी रहेको छ ।

ॐ अस्य श्री
दुर्गासप्तश्लोकीस्त्रोत्रमन्त्रस्य
नारायण ऋषिः, अनुष्टुप् छन्दः,
श्रीमहाकालीमहालक्ष्मीमहासरस्वत्यो
देवताः, श्रीदुर्गाप्रीत्यर्थं सप्तश्लोकीदुर्गापाठे विनियोगः ।
ॐ ज्ञानिनामपि चेतांसि देवी भगवती हि सा ।
बलादाकृष्य मोहाय महामाया प्रयच्छति ॥ १ ॥
दुर्गे स्मृता हरसि भीतिमशेषजन्तो :
स्वस्थै स्मृता मतिमतीव शुभां ददासि ।
दारिद्रयदुःख भयहारिणि का त्वदन्या
सर्वोपकारकरणाय सर्दाद्रचिन्ता ‘॥ २ ॥
सर्वमङ्गलमङ्गल्ये शिवे सर्वार्थसाधिके ।
शरण्ये त्र्यम्बके गौरि नारायणि नमोऽस्तु ते ॥ ३ ॥
शरणागतदीनार्तपरित्राणपरायणे
सर्वस्यार्तिहरे देवी नारायणि नमोऽस्तु ते ॥ ४ ॥
सर्वस्वरुपे सर्वेशे सर्वशक्तिसमन्विते ।
भयेभ्यस्त्राहिनो देवि दुर्गे देवि नमोऽस्तु ते ॥ ५ ॥
रोगानशेषानपहंसि तुष्टा
रुष्टा तु कामान् सकालानभीष्टान् ।
त्वामाश्रितानां न विपन्नराणां
त्वामाश्रिता हयाश्रयतां प्रयान्ति ॥ ६ ॥
सर्वाबाधा प्रशमनं त्रैलोक्यस्यारिवलेशवरि
एवमेव त्वया कार्यमस्मद्वैरिविनाशनम् ॥ ७ ॥

एवम् प्रकार नियमपूर्वक सप्तश्लोकी दुर्गाको साधना गर्नाले तीनै लोकका समस्त बाधाहरू हटेर जानुका साथै शत्रुहरू पनि परास्त हुनेछन् ।

पञ्चमुखी मुचुकुन्द नागद्वारा रक्षित यस इबिदह (बोफ्रेपोखरी) सत्येश्वर महादेव सहित पाञ्चायन साधनाको सिद्धस्थल रहेकाले यहाँ गरिएका कार्यहरू सफल बन्दछन् । ॐ यो वै रुद्रः स भगवान् यच्च सत्य तस्मै वै नमो नमः ॥ **अर्थात् जो रूद्र हुन, उहाँ नै भगवान् हुन् र उहाँ नै सत्य हुन् । उहाँलाई बारम्बार नमस्कार गर्दछौं भन्दै देवताहरूद्वारा स्तुति गरिएको प्रसगंले सत्येश्वर महादेवको महत्त्व बुझ्न सकिन्छ । शास्त्रवर्णित सत्येश्वर महादेव र सत्यदेवीको मनोरम मन्दिरहरू रहेको इबिदह (बोफ्रेपोखरी) नगरपालिकाको महत्त्वपूर्ण गन्तव्यस्थल बन्दै गइरहेको छ । सबैको आस्थास्थलका साथै सबैले आफ्नो ठान्ने स्वराज्य र मेलमिलापको आधारभूमी बन्दै गइरहेको छ ।**❖ इमाडोल, ललितपुर

यदि तपाई धितोपत्र (शेयर, ऋणपत्र, सामूहिक लगानी योजनाको ईकाई आदि) मा लगानी गर्दै हुनुहुन्छ भने लगानी गर्नु अघि निम्न कुराहरुमा विशेष ध्यान दिनुहोस् ।

- धितोपत्रको मूल्यमा समय समयमा उतारचढाव आउन सक्ने भएकोले धितोपत्रमा लगानी गर्दा मूल्य उतारचढाव सम्बन्धी उपयुक्त सूचना लिई संयमित तथा विवेकशील भएर मात्र लगानीको निर्णय लिनुहोस् ।
- धितोपत्रमा गरिने लगानीमा प्रतिफल तथा जोखिम दुवै हुने हुँदा हल्ला, अनावश्यक प्रचार प्रसार वा कसैको बहकाउमा नलागी बजार तथा कम्पनीको बास्तविक बस्तु स्थिति बुझेर आफ्नो स्वविवेकमा नै लगानी सम्बन्धी निर्णय गर्नुहोस । साथै आफ्नो जोखिम बहन गर्न सक्ने क्षमताको मूल्याकंन समेत गर्नुहोस् ।
- धितापत्रको प्राथमिक बजारमा निष्काशन गरिने धितोपत्रमा लगानी गर्नुअघि धितोपत्र निष्काशनकर्ता कम्पनीको आव्हानपत्र तथा विवरणपत्र मार्फत प्रवाहित जानकारीहरू मूख्यतया कम्पनीको संस्थापक तथा व्यवस्थापन पक्ष, वित्तीय स्थिति (नेटवर्थ, नाफा नोक्सान स्थिति, आदि), लगानी योजना, जोखिम पक्ष, क्रेडिट रेटिङ्गको स्तर जस्ता कुराहरूको विश्लेषण गर्नुहोस् ।
- नेपाल धितोपत्र बोर्डमा दर्ता भएको तथा नेपाल स्टक एक्सचेन्ज (नेप्से)मा सूचीकृत धितोपत्रमा मात्र लगानी गर्नुहोस् ।
- धितोपत्रको दोस्रो बजारमा लगानी गर्दा सम्बन्धित कम्पनीको कार्य सम्पादन स्थिति, धितोपत्रको मूल्यमा प्रभाव पार्न सक्ने संवेदनशील सूचना जस्तै लाभांश घोषणा, हकप्रद शेयरको घोषणा, व्यवस्थापनमा परिवर्तन, भावी योजनाहरू, कम्पनीको आवधिक र वार्षिक प्रतिवेदनमा उल्लेखित वित्तीय सूचकांकहरू (Earning Per Share, Dividend Per Share, Price/Earning Ratio, Net Worth Per Share), पूँजी कोष अनुपात, निस्क्रिय कर्जा अनुपात आदि) धितोपत्रको मूल्य प्रवृत्ति, कम्पनीको साधारण सभाको निर्णय (माइन्यूट) जस्ता महत्वपूर्ण कुराहरूको अध्ययन गर्नुहोस् ।
- दोस्रो बजारमा कारोबार गर्दा कारोबार भएको दिनको दुई (२) दिन भित्रमा कारोबारको राफसाफ (T+2) हुनुपर्ने कुराको जानकारी लिनुहोस् ।
- आफूसंग भएको धितोपत्र (कागजी प्रमाणपत्र) लाई कारोबार योग्य बनाउन बोर्डबाट अनुमति प्राप्त निक्षेप सदस्यमार्फत अभौतिकीक रण गर्नुहोस् ।
- प्राथमिक बजारमा लगानी गर्न निक्षेप सदस्यकोमा हितग्राही खाता (Demat Account) खोली आफ्नो बैकं खाता रहेको बैंकबाट आस्वा वा सि-आस्वा रजिष्ट्रेशन नं. लिई अनलाईनबाट सहजरूपमा लगानी गर्नुहोस् । धितोपत्र बजारमा लगानी गर्न हितग्राही खाता (Demat Account) अनिवार्य गरिएको हुँदा, सिडिएस एण्ड क्लियरिङ्ग कम्पनी लिमिटेड (सिडिएससी) तथा निक्षेप सदस्यसँग सम्पर्क राखी बैंक खाता सहितको ग्राहक परिचय विवरण (KYC Form) अनिवार्यरूपमा भरी हितग्राही खाता (Demat Account) खोलेर धितोपत्र खरिद बिक्री कारोवार गर्नुहोस् । आफूले खरिद गरेको धितोपत्र समयमै आफ्नो खातामा जम्मा भए/नभएको ध्यान दिनुहोस् ।
- धितोपत्र बजारमा देशको समग्र आर्थिक तथा राजनैतिक स्थितिले प्रत्यक्ष प्रभाव पार्ने भएकाले धितोपत्रमा लगानी गर्दा यसप्रति समेत सजग रहनुहोस् ।
- धितोपत्रको दास्रो बजारबाट कारोबार गर्दा सिधै नेप्सेको विद्युतीय कारोबार प्रणाली वा बोर्डबाट अनुमति प्राप्त धितोपत्र दलाल तथा तिनको शाखा कार्यालयबाट मात्र गर्नुहोस् ।
- धितोपत्र कारोवारमा रकमको लेनदेन गर्दा बैंक तथा वित्तीय संस्था मार्फत मात्र गर्नुहोस् ।
- लगानी विविधिकरण (Investment Diversification) बाट लगानीमा हुन सक्ने जोखिमलाई न्यूनीकरण गर्न सघाँउ पुग्ने हुँदा लगानी विविधिकरणमा ध्यान दिनुहोस् ।
- दीर्घकालीन रूपमा गरिने लगानीले जोखिमको संभावनालाई न्युन गराउने हुँदा लगानी गर्दा यस तथ्यलाई समेत मनन गर्नुहोस् ।
- पूँजी बजार सम्बन्धी नीति, नियम तथा निर्देशनहरूले धितोपत्रको मूल्यमा असर पार्ने भएकाले सुसूचित निर्णयका लागि बोर्ड, नेप्से, नेपाल राष्ट्र बैंक, अर्थ मन्त्रालय तथा बीमा समितिको वेबसाइट हेर्ने गर्नुहोस् ।
- लगानीकर्ताहरूलाई पूँजीबजार सम्बन्धी साक्षर बनाउने उद्देश्यले बोर्डले समय समयमा आफ्नो कार्यालयमा तथा विभिन्न जिल्लाहरूमा लगानीकर्ता सचेतनामुलक प्रशिक्षण कार्यक्रम सञ्चालन गर्दै आएकोमा त्यस्तो कार्यक्रमा सहभागी हुनुहोस् ।
- बोर्डबाट रेडियो नेपालमार्फत प्रत्येक महिनाको पहिलो र तेस्रो शनिबार बिहान ७.४० देखि ७.५५ सम्म सञ्चालन गरिने धितोपत्र तथा वस्तु विनिमय रेडियो कार्यक्रम सुनेर बजार सम्बन्धी जानकारी लिनुहोस् ।
- लगानीकर्ताको अधिकार तथा जिम्मेवारी सम्बन्धमा धितोपत्र सम्बन्धी ऐन नियम, कम्पनी ऐन तथा अन्य सम्बन्धित ऐन नियमहरूको साथै बोर्डबाट भएका व्यवस्थाहरूबारे जानकारी राख्न धितोपत्र सम्बन्धी ऐन नियमहरू र अन्य व्यवस्थाको जानकारी बोर्डको वेबसाइट (www.sebon.gov.np) तथा बोर्डको सम्बन्धित प्रकाशनमार्फत समेत हेर्नुहोस् ।

धितोपत्रमा लगानी सम्बन्धमा कुनै जिज्ञासा, गुनासा तथा उजुरीहरू भएमा बोर्डको वेवसाईटमा रहेको Grievance button मार्फत वा टोल फ्रि.नं. १६६०-०१-४४४३३ (निःशुल्क) वा हटलाइन नं ५५४४०७६ वा बोर्डको ठेगानामा पठाउनुहोस् ।

नेपाल धितोपत्र बोर्ड
पो.व. नं. ९०३१, खुमलटार, ललितपुर
फोनः ०१-५५४१०५७, ५५५११६२, ५५४४०७७, ५५५०५११
फ्याक्सः ०१-५५४१०५८ टोल फ्रि.नं. १६६०-०१-४४४३३
ईमेल ठेगानाः **support@sebon.gov.np**
वेबसाइटः **www.sebon.gov.np**

श्रीकृष्ण प्रेमी अक्रुर



–मोहनप्रसाद आचार्य

महाभारत, श्रीगर्गसंहिता, श्रीमद्भागवत आदि पुराणहरूको अध्ययन गर्दा भगवान् नारायणका विभिन्न अवतारहरू भएको देखिन्छ । द्वापरयुगको अन्त्य भएको समयमा सोह्र कलाले युक्त परिपूर्णतम् श्रीकृष्णको रूपमा यो धरातलमा प्राकट्य भएको बुझिन्छ ।

भगवान् श्रीकृष्ण, वसुदेव र देवकीको पुत्र रूपमा प्रकट हुँदा भारतस्थित मथुरा राज्यमा राजा उग्रसेनले राज्य गर्दथे । पूर्वजन्मको कालनेमी जो मथुरामा उग्रसेन पुत्र भई जन्म लिएको थियो । यता कंसको अत्याचार दिनानुदिन बढ्दै गयो । फलस्वरूप उसले आफ्नो पिता महाराज उग्रसेनलाई कारागारमा राखी राज्य गर्न थाल्यो । कंसको दरवारमा वसुदेवका आफ्नै भाइहरूका श्वफल्का पनि राजदरवारमा कंसको सहयोगी भई काम गर्दथे । यिनै श्वफल्का पुत्र थिए अक्रुरजी ।

अक्रुरजी बाल्यावस्थादेखिनै भगवान् कृष्णका प्रेमी तथा अनुरागी थिए । नवदा भक्तिमध्ये पर्ने वन्दन भक्तिको भक्तका रूपमा आउँथे अक्रुरजी । यस समय कसैको अत्याचारबाट पीडित थिए, मथुरावासीहरू । खास गरेर युदु, अन्धक, वृष्णि, शाश्वत वंशका यादवहरू नचाहँदा नचाहँदै महाराज कंशको सेवा गर्न बाध्य थिए ।

वृष्णि वंशका मानिने वृष्णिका दुई पुत्रहरू थिए । यिनीहरूमा श्वफल्क र चित्तरथ पर्दछन् । श्वफल्क र उनकी पत्नी गान्दिनीको गर्भबाट तेह्र छोराहरूको साथै सुचिरा नामकी पुत्री पनि जन्मेकी थिइन् । अक्रुर आफ्नो पिता श्वफल्कका आज्ञाकारी पुत्र थिए । अक्रुरका दुई पुत्रहरू भए । यी पुत्रहरूको नाम देववान र उपदेव थिए ।

न चाहँदा नचाहँदै पनि अक्रुरजी आफ्नो पिताको साथमा महाराज कंशको दरवारमा काम गर्दै आएका थिए । महाराज कंश पनि अक्रुरजीको सेवा तथा कर्म कुसलतामा प्रभावित भै अक्रुरलाई विश्वास गर्दथ्यो । यस वखत कृष्ण तथा बलरामहरू ब्रजमा नन्दरायको घरमा बढिरहेका हुर्किरहेका थिए । श्रीकृष्ण तथा बलरामहरूको ब्रजलीला शुरू भैसकेको थियो । कंसले विभिन्न उपायद्वारा कृष्ण र बलरामलाई मार्ने कोशिष गरिरहेको थियो ।

कुनै दिन महाराज कंसले आफ्ना दुष्टमति भएका मन्त्रीहरूलाई मन्त्रणा गऱ्यो । मन्त्रीहरूको सल्लाह तथा आफ्नो कुटिलताले कृष्ण, बलरामलाई मथुरामा बोलाउने र मार्ने योजनामा थियो कंश । कंशले मथुरामा धनुष यज्ञको आयोजना गर्ने र त्यो यज्ञमा कृष्ण तथा बलरामलाई आमन्त्रण गरी ल्याउने कार्यको सोच बनायो । यज्ञमा आएका कृष्ण बलरामलाई कुवलमापिड, चाणुर, मुष्टिक जस्ता महान् बलशाली मल्लयुद्ध गराई मार्ने नियत पनि बनायो । यो कार्य गर्न त्यति सजिलो थिएन । अतः कंसले यो कार्य गराउन कुनै विश्वासिलो पात्र खोजी गऱ्यो । त्यो विश्वासिलो पात्र अक्रुर भएको कुरा समझमा आएको कंसले अक्रुरलाई बोलाउन एक सन्देश वहाकलाई पठायो ।

महाराज कंशको वैठकमा उपस्थित भएका अक्रुरजीलाई आफ्नो सम्पूर्ण योजनाको विस्तारसँग वर्णन गऱ्यो । महाराज कंश भन्दछन्– 'हे ! अक्रुरजी तपाई मेरा एक मात्र हितैषी र विश्वासपात्र हुनुहुन्छ । अतः मेरो योजनाअनुसारका सबै कुरा मिलाई कृष्ण बलरामलाई यस नगरीमा ल्याउनु होला ।' अक्रुरजीको हात आफ्नो हातमा लिएको कंसले विनम्रतापूर्वक भन्यो– 'हे मित्र अक्रुरजी ! तपाईभन्दा मेरो अर्को कोही मित छैनन् । अतः तपाईलाई यो कामको जिम्मा दिएको छु । अवश्यनै पुरा हुने छ भन्ने पूर्ण विश्वास पनि लिएको छु । तपाई ब्रजमा गएर त्यहाँ नन्दरायको दरवारमा लालित तथा पालित भएका दुई बालक कृष्ण तथा बलरामलाई यहाँ ल्याउनुहोस् ।'

यसरी महाराज कंशले आफ्ना दुष्टमति भएका मन्त्रीहरूका साथ बनाएको सम्पूर्ण योजना विस्तारपूर्वक अक्रुरजीलाई बतायो । अक्रुरजीले बारम्वार कंशलाई यस्तो वर्वरतापूर्ण कार्यमा संलग्न नहुने कुरा सम्झाए । तर कंशले अक्रुरको कुरालाई मानेनन् । अक्रुरजी ब्रजमा जान र कृष्ण बलरामलाई लिएर आउन सहमत भए ।

भोलिपल्ट बिहानै अक्रुरजी ब्रजतर्फ लागे । मार्गमा अनेकानेक तर्कहरू गर्नलागे । आज मेरो जन्म सफल भयो । साक्षात् परब्रह्म भगवान्को दर्शन पाउने भएँ । आज म श्रीभगवान्को चरणमा नमस्कार, नमस्कार गर्ने छु । अक्रुरजी यस्ता तर्क गर्दै ब्रजको मार्गमा अगाडि बढ्दै गए । मनमनै आज आफ्नो लागि मङ्गलमय प्रभात बन्न गएको छ । मार्गमा यसै अनुरूपको मङ्गलमय सगुन पनि देख्दै छु । फेरि अक्रुरजी यसको उल्टो तर्क पनि गर्दथे । यस्ता तर्क कुतर्कहरू अक्रुरको मनमा बरावर आउन थाल्यो । पुन मनमा सकारात्मक सोच आएको अक्रुर भन्दछन् । आज म त्यो पिताम्वर धारण गरेको, घुंघरिएको कपाल भएको, श्यामलो वर्ण भएको, आत्मराम भगवान् कृष्णको दर्शन गर्नेछु । कृष्णले पनि मलाई देख्ने वित्तिकै दौडेर आई आफ्नो हृदयमा टाँस्दै अर्थात् अंकमाल गर्दै काका, काका भन्दै मेरो सम्मान गर्नेछन् । त्यो बेला म श्याम सुन्दर श्रीकृष्णको पाउमा भएका १८ चिह्नले युक्त चरणलाई देख्नेछु । यस्ता विभिन्न तर्कहरू गर्दै भगवान् भाष्कर पश्चिम दिशामा डुब्ने बेलामा अक्रुर ब्रज पुगे । त्यहाँको बालुवा तथा धुलोमा यस्तै प्रकारका श्रीकृष्णका चरण चिह्नहरू देखे–

पदानि तस्याखिललोकपाल
किरीटजुष्टामलपादरेणी
ददर्श गोष्ठे क्षितिकौतुकानि
विलक्षितान्यव्जयवाङ्कुशाद्यै ॥ (भागवत् १०/३९/२५)

अक्रुरले जगत्का आदिकारण जगत्का परमपति, प्रधानयुगरूष भगवान् श्रीकृष्णसहित बलरामलाई गोठतिर आइरहेको अवस्थामा देखे । देख्ने वित्तिकै आफ्नो रथबाट ओर्लिए । श्रीकृष्ण तथा बलरामलाई दण्डवत प्रणाम गरे । अक्रुरको मनोभावना बुझ्नु भएका भगवान् श्रीकृष्णले आफ्नो अंगालोमा बाध्नुभयो । अनि आफ्नो बासस्थानतर्फ लिएर जानुभयो । अक्रुरजी र श्रीकृष्णको बीचमा आपसी कुशल मङ्गल आदानप्रदान भयो । नन्द यशोदाबाट पनि प्रेमपूर्वक अक्रुरको स्वागत सत्कार भयो । अक्रुरजीले आफ्नो ब्रज आगमनको उद्देश्य, महाराज कंशको चेष्ठा, बारेका सबै कुराको विस्तारसँग वर्णन गरे । भोलिपल्ट बिहान मात्र ब्रजवासीहरूले कृष्ण र बलरामलाई मथुरा लैजान अक्रुर आएको थाह पाए । यो कुरा बुझेका ब्रजवासीका साथै विशेष गरेर गोपीहरू विह्वल भए । सम्पूर्ण गोपीहरूको मुखमण्डल मलिन हुन पुग्यो । सबै गोपगोपीहरू नन्दबाबाको घरतर्फ लागे । यसबेला कृष्ण र बलरामलाई रथमा राखेर अक्रुरजी मार्गमा अगाडि मात्र के बढेका थिए सम्पूर्ण ब्रजबनिता गापीहरू मार्गको दुवै छेऊमा बसेर भगवान् श्रीकृष्णप्रति समर्पित भै आँखाबाट अश्रुधारा बगाइरहेका थिए । गोपीहरू विधातालाई दोष दिंदै यस प्रकारको करूणा उद्‌गार व्यक्त गर्न लागे– अहो विधातस्वतव न क्वचिद् दया संयोज्य मैत्र्या प्रणयेन देहिनः ।

सबै गोपीहरूले आफ्नो विरह भाव व्यक्त गरे । उनीहरू भन्दछन्– वास्तविक यी अक्रुर भनिने व्यक्ति अक्रुर नभै क्रुर पो रहेछन् । यस्ता क्रुर व्यक्तिको नाम अक्रुर कसरी भयो ? आज आफ्नै सामुन्नेबाट आफ्नो प्राण प्यारोलाई वियोग गरिदिने व्यक्ति अक्रुरलाई अनेकानेक दोष थुपार्न लागे । सम्पूर्ण ब्रजबनिताहरू श्रीकृष्णसँग हुन लागेको विरह पीडाको कारण स्त्रीको गहना मानिने लज्जालाई समेत छोडेर रून लागे–

विसृज्य लज्जा रुरुदुःस्म सुस्वरं
गोविन्द दामोदर माधवेति ॥ (भा.द. ३९/३१)

भगवान् श्रीकृष्णद्वारा गोपिनीहरूलाई संभ्फाइ अक्रुरबाट जोतिएको रथबाट अगाडि बढ्नुभयो । जब रथ यमुनाको किनारामा पुग्यो, अक्रुरजी भगवान्सँग अनुमति लिएर नित्यकर्म तथा स्नान गर्न यमुनातर्फ लागे ।

यमुनाको जलमा स्नानार्थ प्रवेश गरे । त्यसबेला अक्रुरजीले यमुनाको जलभित्र आफूले बाहिर रथमा छोडेर आएका बलराम तथा श्रीकृष्णलाई देखे । अक्रुरलाई शंका लाग्यो, पानीबाट बाहिर आएर हेर्दा श्रीकृष्ण तथा बलरामलाई पूर्ववत रथैमा रहेको अवस्थामा देखे । यो मेरो भ्रम हुनुपर्छ भन्दै पुनः जलमा डुबुल्की लगाउन पुगे । त्यस जलभित्र शेष सहित चतुर्वाहु नारायणको दिव्य स्वरूप देख्न पुगे । त्यहाँ अक्रुरजीले देवता, वसु, प्रह्लाद, सनकादि ऋषिश्वर मरिची, ब्रह्मा, महादेव समेतले वेदवाणिद्वारा भगवान्को स्तुति गरेको देखे । जसलाई देखेर अक्रुरको हृदयमा परमान्दको जागरण भयो । विस्तार विस्तार गदगद् स्वरले भगवान् त्रिलोकी नाथको स्तुति गर्न लागे । यो सम्पूर्ण दृष्य भगवान्को कृपाबाट अक्रुरले यमुनाको जलैमा दर्शन पाएका र देखेका थिए ।

नम श्रीकृष्णचन्द्राय परिपूर्णतमाय च ।

असंख्याण्डाधिपतये गोलोकपतये नम ॥ (गर्गसंहिता मथुरा खण्ड ५/९)

जलबाट निस्केर रथमा आएर बसेका अक्रुरलाई भगवान् श्रीकृष्णले हे काका ! के तपाईले यो पृथ्वी, आकास वा जलमा कुनै अद्‌भूत दृष्य त देख्नुभएन भनी सोधनी गर्नुभयो । अक्रुरजीले भने- भगवन् ! मैले हजुरको विश्वरूप स्वरूप र यो सारा ब्रह्मांणको एक मात्र द्रष्टा भएको हजुरको दिव्य दर्शन पाएँ ।' यस्तो भन्दै अक्रुरजीले वारम्वार श्रीकृष्ण बलरामलाई नमस्कार गरे । त्यसपछि आफ्नो रथको गति बढाएका अक्रुरजीले सूर्यनारायणको अस्त अगाडि नै आफ्नो रथ मथुरापुरी पुऱ्याए । त्यसपछि श्रीकृष्णले अक्रुरजीलाई भन्नुभयो- काका हामी दुई भाइ मथुरानगरीको दृश्यावलोकन गरेर मात्र आउने छौं । तपाई आफ्नो घरतर्फ जानुहोस् ।

अक्रुरले कृष्ण तथा बलरामलाई आफ्नो घरतर्फ लैजाने प्रयत्न गर्नुभयो । परन्तु भगवान श्रीकृष्णले मथुरामा राज्य गर्ने यदुवंश द्रोही दुष्ट कंसको वधपछि मात्र तपाईको घर आउँला भनी विश्वस्त पार्नुभयो । यस प्रकार कृष्णबाट मथुरा अवलोकनको क्रममा आफूलाई कपडा नदिने दुष्ट दर्जिको संहार, मालाकार माथी अनुग्रह गर्दै, अन्य आफूप्रति प्रेम गर्ने माथि कृपादृष्टि प्रदान गर्नुभयो । कंसको दरवार प्रवेश गर्ने क्रममा कुवलयापिड हात्तीको वध, धनुष यज्ञ नष्ट, चणुर तथा मुस्टिक जस्ता पहलमानको वध समेत गर्नुभयो । कंशको वधपछि कारागारमा रहेका आफ्ना माता पिता र महाराज उग्रसेनलाई कंसको कैदबाट मुक्ति दिलाई सकेपछि श्रीकृष्ण तथा बलराम श्वफल्क पुत्र अक्रुरलाई दर्शन दिन उनकै निवास पुग्नु भयो ।

श्रीकृष्णानुरागी अर्थात् श्रीकृष्ण प्रेमी अक्रुरले स्वागत सत्कार सहित पूजा गरे । श्रीकृष्णले आफ्ना काका अक्रुरजीलाई पाण्डवको कुशल मङ्गल बुझ्नको साथै दृष्टिविहीन राजा धृतराष्ट्रको चाल समेत बुझ्नको लागि हस्तिनापुर पठाउनुभयो । कृष्ण प्रेमी अक्रुरजी पनि श्रीकृष्णको आज्ञालाई शिरोधार्य गर्दै हस्तिनापुरतर्फ प्रस्थन गरे ।

त्यहाँ पुगेका अक्रुरजीले महाराज धृतराष्ट्र, दुर्योधन, विदुर समेत सबै पाण्डवहरूसँग भेट गरे । भेटघाटको अवसरमा धृतराष्ट्र तथा दुर्योधनसँग पाण्डवहरूलाई अपहेलना नगर्न र यिनीहरूलाई सम्मानपूर्वक पाउने भाग दिन सम्झाए । तर दुष्ट दुर्योधनले अक्रुरजीको कुरामा ध्यान नै दिएन । अक्रुर फर्केर श्री कृष्णलाई कौरवहरूको चेष्टा सबै अवगत गराए । कौरव तथा पाण्डवहरूको युद्ध भयो । युद्धमा कौरव पक्षको हार भयो । यो भन्दा अगाडि भगवान् श्रीकृष्ण तथा बलरामद्वारा मथुरा नगरी त्याग गरी द्वारका निर्माण गराई त्यहाँ बासस्थान सर्दासमेत अक्रुरले भगवान् श्रीकृष्णको साथ दिएका थिए ।

भगवान् श्रीकृष्णले महाराज उग्रसेनको लागि राजसूय यज्ञ गराउने निश्चय लिए । यस यज्ञ पुरा गर्ने भगवान् कृष्णका नाति अनिरूद्रको नेतृत्वमा अक्रुरजी पनि समावेश भएका थिए । भगवान् श्रीकृष्णले आफ्नो यदुवंश नै पृथ्वीको भार भएको बुझी यसको सहार गर्ने चेष्टा गरे । सम्पूर्ण यदवंशीहरूलाई प्रभाषमा हुने वनभोजतर्फ जाने सल्लाह दिए । यस वनभोजमा कृष्ण प्रेमी अक्रुर पनि सामेल भएको बुझिन्छ । वनभोज भयो । यसै क्रममा एकले अर्काको अपमान गर्ने कार्य भयो । झगडाले उग्ररूप लियो फलस्वरूप यदुकूलको संहार हुन पुग्यो । सम्भवत त्यसै प्रभावको युद्धमा एक सच्चा राष्ट्रभक्त, कृष्ण प्रेमी अक्रुरजी पनि परे । यस्ता भगवान्का भक्त अक्रुरजीको वियोगान्त कथाले अन्त पायो । सदाको लागि अक्रुरजीको गाथा विसर्जित बन्न पुग्यो ।❖

–चाँगुनारायण नगरपालिका– ३ झौखेल, भक्तपुर

सन्दर्भ सामग्री

१. श्रीमद्‌भागवतमहापुराण, गीताप्रेस, गोरखपुर
२. गर्ग संहिता, गीताप्रेस, गोरखपुर
३. श्रीमद्‌भागवत नेपाली अनु– राजप्रसाद जोशी

शुभकामना
नयाँ वर्ष २०८० को सुखद अवसरमा समस्त ग्राहक वर्गमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य दीर्घायुको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।
नेपाल टेलिकम
परिवार

चेतना यात्रा

डा. चिन्तामणि नाथ योगी

धर्मका बारेमा धेरै कुरा लेखिएका छन्, बोलिएका छन् र गरिएका पनि छन् । तथापि लाग्छ, धर्म के हो भनेर हामीले गहिरिएर बुझ्न, बुझाउन सकेनौं कि ? सायद त्यसैले "धर्मस्य तत्वं निहितं गुहायाम्" भनिएको पनि हो । धर्म नजान्ने र नमान्नेहरू भन्दा पनि धर्म जान्ने र मान्नेहरू बढी अन्योलमा परेको पनि देखिन्छ । अझ भन्ने हो भने 'धर्म यस्तो हो' भनेर व्याख्यान गरी हिंडिरहेका गुरू, पण्डित र व्याख्याताहरू पनि कता-कता स्पष्ट नभएको देखिन्छ । एकातिर समाज अधर्मको अन्धकारले पिरोलिएको छ भने अर्कोतिर धर्मको बारेमा स्पष्टता नहुँदा समाज झन् बढी अल्मलिएको हो कि भन्ने कताकता चिन्ता पर्न लागेको छ ।

धर्म र अध्यात्म

हुन त धर्म भनेकै अध्यात्म हो । हाम्रो पूर्वीय सनातन दृष्टिकोणले भन्नुपर्दा यसमा केही भिन्नता छैन । तथापि स्पष्टतः छुट्याएर बुझ्दा पनि सायद अनुपयुक्त नहोला । धर्म भनेपछि कतै कुनै विशेष पहिचान वा विशेषण पनि थप्नुपर्ने देखिन्छ अर्थात् हिन्दु धर्म, बौद्ध धर्म, जैन धर्म, क्रिश्चियन धर्म मुस्लिम धर्म आदि भनेर । हुन त यिनलाई धर्म नभनिकन सम्प्रदाय पनि भन्ने चलन छ । किनकि धर्म व्यक्तिप्रेरित वा केन्द्रित हुँदैन । धर्म ग्रन्थकेन्द्रित पनि हुँदैन ।

धर्म त मूलतः प्रकृति हो, अस्तित्व हो, सनातन चिन्तनधारा, जीवनधारा हो । यसलाई हामीले सद्धर्म पनि भन्न सक्छौं । यस सद्धर्मलाई अर्को भाषामा सनातन धर्म पनि भनिन्छ । यसैलाई अध्यात्म भनेर व्याख्या गर्दा पनि सजिलो हुन्छ । अध्यात्म भनेपछि अध्यात्म मात्र हुन्छ । त्यहाँ फेरि कुन अध्यात्म ? भनेर प्रश्न गर्ने ठाउँ रहँदैन । कहाँबाट आएको ? कसरी आएको ? कसबाट निर्दिष्ट भएको ? भनेर प्रश्न गर्ने ठाउँ पनि रहँदैन ।

अध्यात्म भनेको त्यो चिन्तन धारा हो जहाँ अस्तित्व छ समग्रतामा, जहाँ प्रकृति बोल्छ समग्रतामा, जहाँ प्राणीमात्रसँगको अन्योन्याश्रित भाव छ । सारा जीव, जीवन र जगत्मा जुन आत्मभाव छ त्यसलाई अध्यात्म पनि भन्न सकिन्छ । त्यसैलाई गहिरिएर बुझ्दै जाँदा हरेक व्यक्तिमा निहित स्वको बोध र भावको अनुभूति नै अध्यात्म हो । 'स्व' मै समग्र विश्व ब्रह्माण्ड समाहित छ । त्यसैले गीतामा पनि भनिएको छ- स्वभावोकध्यात्ममुच्यते ।

धर्म र संस्कृति

यसलाई सजिलोसँग बुझ्नु पर्दा सूक्ष्म र बाह्य रूप पनि भन्न मिल्छ । सूक्ष्म रूप भनेको धर्म हो भने बाह्य रूप भनेको संस्कृति हो । संस्कृतिमा गरिने कुराहरूको महत्त्व हुन्छ भने अध्यात्ममा बुझिने कुराको । संस्कृति क्रियाकलापपरक हुन्छ भने धर्म अध्यात्मपरक । संस्कृति समाजपरक र परिवारपरक हुन्छ भने धर्म जीवनपरक र अस्तित्वपरक । संस्कृति गरिने, गराइने, मान्ने, मनाइने अनेकौं सुन्दर श्रृंखलाहरूको समष्टि रूप हो भने धर्म केवल बुझ्ने, रम्ने र एकत्वानुभूतिको उच्चतम अवस्था हो । यही एकत्वानुभूति, आनन्दानुभूति, चैतन्यानुभूतिको जुन यात्रा हो, साधना हो र अवस्था हो त्यसैलाई अध्यात्म पनि भन्न सकिन्छ ।

संस्कृतिसँग परम्परा पनि जोडिएको हुन्छ अर्थात् दशैं, तिहार, ल्होसार, छठ, माघी, तीज आदि हाम्रा संस्कृति हुन् भने त्योसँग जोडिएर फरकफरक तरिकाले मनाउने जुन विधि हुन्, विभिन्नता हुन् र विशिष्टता हुन् त्यसलाई हामी परम्परा भन्न सक्छौं ।

संस्कृति समग्रमा धर्मबाट अभिप्रेरित हुन्छ र जोडिएको हुन्छ भने परम्परा हाम्रा केही विशेषताहरूसँग, विशेष प्रसंगहरूसँग, कुनै घटना प्रसङ्गहरूसँग वा कुनै किंवदन्तीहरूसँग जोडिएको हुन्छ । अनि यही परम्परामा पनि फेरि विभिन्न प्रकारका रीतिरिवाज, चालचलनहरू पनि स्थानीय विशेषता अनुसार, पारिवारिक विशेषता वा घटना अनुसार आ-आफ्नै प्रकारले अनौठो रूपले जोडिएका

हुन्छन् । त्यसैले नेपालमा जातिपिच्छे, समुदायपिच्छे, सम्प्रदायपिच्छे अलग-अलग प्रकारका चलनहरू पाइनु यसको विशेषता हो । यो नेपालको समृद्धिको परिचायक पनि हो । अनेकतामा एकताको खोजी गर्ने भनेको पनि यही कुरालाई समग्रमा बुझ्नु हो । "एकम् सत् विप्रा बहुधा वदन्ति" भनेर शास्त्रमा गरिएको व्याख्यालाई समाजसँग सकारात्मक रूपले जोडेर हेर्ने आधार पनि यही नै हो ।

आत्मज्ञान

आजभोलि धेरै गुरूहरूले स्वामी साधु सन्तहरूले आत्मज्ञानको बारेमा अनेकौं प्रकारका भाषण, व्याख्यान, साधना आदि विभिन्न रूपले आ-आफ्ना चेलाहरूलाई सिकाइराखेका छन् । अनेकौं प्रकारका कथाहरू, ज्ञानयज्ञहरू, सत्संगहरू र यज्ञहरू पनि अहिले विश्वव्यापी रूपमा फैलिँदै गएका छन् । तर यहाँनेर तात्त्विक रूपमा बुझ्न बुझाउन नसक्दा समाज लाभान्वित हुनुपर्ने ठाउँमा विचलित भएको र प्रताडित पनि भएको हो कि ? भनेर पनि प्रश्न गर्नुपर्ने अवस्था सिर्जित भएको छ ।

अर्थात्,

क) आत्मज्ञान भनेको हो ? आफूमा आफैँभित्र खुम्चिनु हो ? वा अनन्ततामा समाहित हुनु हो ?

ख) आत्मज्ञान, आत्म कल्याण भनेको स्व केन्द्रित मात्र हुनु हो ? वा समग्र परिवार, समाज र विश्वसँग पनि जोडिएर स्व बोध सहित सुकर्म गर्नु पनि हो ?

ग) आत्मज्ञान वा आत्मकल्याण भनेको आफूमा मात्रै निहित हुनु हो ? वा आफूभित्रै समग्र विश्व ब्रह्माण्डको बोध गरी प्रत्येक प्राणीप्रति, जीवप्रति एकत्व भाव, करूणाभाव, दयाभाव, प्रेमभाव, मैत्रीभाव राख्नु हो ?

घ) आत्मज्ञान, आत्मकल्याण भनेको निराशातर्फको, उदासीपनतर्फको, बैराग्यतर्फको वा एक्लोपनको यात्रा हो ? वा श्रद्धा, उत्साह, सकारात्मकता सहित एकत्वको यात्रा हो ?

ङ) आत्मज्ञान, आत्मकल्याण भनेको सम्यक् यात्रा, सहज यात्रा, सकारात्मक सन्तुलित यात्रा हो ? वा स्वघोषित गुरू वा सम्प्रदायका पछि लागेर कतै कुनै पार्टीको टिकट काटेको जस्तो वा कुनै कम्पनीको ?झदभच भएको जस्तो सीमित हुनु हो ?

यसरी हेर्दा यहाँ उठाउन खोजेको प्रश्न मूलतः के हो भने आत्मज्ञान र आत्मकल्याणका नाममा पनि अहिलेको नयाँ समाज परिवारविमुख, समाजविमुख, राष्ट्रविमुख, मानवताविमुख भएको हो कि ? अर्थात् कर्तव्यबोध घट्दै गएर एक्लोपन, उदासीपन, वैराग्यपनको कतै शुष्क अभ्यास बढेको हो कि ?

सनातन जीवन दर्शन र संस्कृति अनुसार चार आश्रमको व्यवस्था गरिएको छ– ब्रह्मचर्य आश्रम, गृहस्थाश्रम, वानप्रस्थ आश्रम र संन्यास आश्रम । यसको समुचित क्रमिक अभ्यास विना के कतै कसैले आत्मज्ञानको नाममा अनावश्यक हाम्फाल्न मिल्छ र ? शंकराचार्य, मधवाचार्य, बुद्ध, कबीर, विवेकानन्द आदिले हाम्फाले भन्दैमा के त्यो सबैका लागि स्वीकार्य हुनसक्छ र ? सनातन जीवनदर्शन र चिन्तन अनुसार सहज यात्रा गर्दागर्दै क्रमशः अन्त्यमा आत्मज्ञानमा समाहित हुनुपर्ने ठाउँमा कर्तव्य पालन नगरी बस्न मिल्छ र ?

अचानक आमाबुवालाई, परिवारलाई छाडेर समाजप्रतिको आफ्नो दायित्व छाडेर ध्यानका नाममा, साधनाका नाममा वा कुनै गुरूसँग कबुल गरेको छु भन्ने नाममा, माला लगाएको छु भन्ने नाममा एकाकी जीवन, विमुख जीवन बिताउन मिल्छ र ? अतिवादको साधनामा लागेर पनि अध्यात्मवादको उँचाइमा पुग्न सकिन्छ र? 'हँसिबा खेलिबा धरिबा ध्यान' को महान् गोरख सूत्र भुल्न मिल्छ र ?❖ –हिन्दु विद्यापीठ, बालकुमारी, ललितपुर

हार्दिक शुभकामना

नयाँ वर्ष २०८० को सुखद उपलक्ष्यमा सम्पूर्ण नेपालीहरू दाजुभाइ दिदीबहिनीहरूमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु ।

सीता श्रेष्ठ, खड्का

अध्यक्ष, विश्व हिन्दु युवा संघ



रावण पाटी

श्रीकृष्ण डंगोल

नेपालको धार्मिक क्षेत्रहरूमा पाटी, पौवा, सत्तल, ढुङ्गेधारा, धर्मशाला, मठमन्दिर, कुवा, पोखरी आदि बनाउने चलन त्रेतायुगदेखि नै चल्दैआएको छ । मन्दिरमा पूजाआजा गर्न आउने भक्तहरूको लागि थकाइ मार्ने, भोज खाने, भजनकीर्तन गर्ने, विश्राम गर्ने, वातचित गर्ने, ध्यान गर्ने, विवाह तथा व्रतवन्ध जस्ता संस्कार गर्ने, किरिया बस्ने, मलामी बस्ने उद्देश्यले पाटी प्रयोग हुने गरेको पाइन्छ । त्यसैले गर्दा त्रेता कालदेखि हालसम्म पाटीको महत्त्व रहिआएको देखिन्छ । लिच्छविकालदेखि प्रयोगमा रहिआएका केही पाटीहरू देवपतन निवासी सिद्धिनरसिंह डंगोलले बनाएको पाटी, पाटन दरबारस्थित ने. स. ७९५ को लाम्पाटी, पनौती स्थित ने. स. ५४८ को लाम्पाटी, रानीपोखरीको दक्षिणतर्फको गोलो पाटी, काभ्रे कानपुरको खदार पाटी, सोह्रवटा थामले बनेको पकनाजोल स्थित सोह्रखुट्टे पाटी, जावलाखेलको कुमारीपाटी, पुल्चोकको ढमा राख्ने पाटी, भैसीपाटीको कुमारीपाटी लगायत ।

आफूले बनाएका कीर्तिहरू चिर कालसम्म रहोस् भनी दाताहरूले मर्मतसम्भार तथा पूजा आदिको लागि जग्गाजमिन, जिन्सी रकम गुठी राखेर बनाएको प्रशस्त उदाहरणहरू यहाँ भेटिन्छन् । विक्रम संवत् १८९०, १९९० र २०७२ सालको महाभूकम्पबाट पनि देशभरका धेरै पाटीहरू नष्ट हुनगयो । आजका पिढीहरूलाई पाटीपौवाहरूको महत्त्व थाहा नहुनाले पनि यस्ता सम्पदाहरू मासिंदै गएका छन् । कतिपय पाटीहरू मर्मतसम्भारको अभावमा पनि जीर्ण भएको भएका छन् । प्राचीनकालदेखि निर्मित पाटी पौवाको आआफ्नै किंवदन्तीहरू पाइन्छ । किवदन्ती त्यसै बन्दैन । त्यसभित्र केही न केही कथा व्यथाहरू अल्भ्केका हुन्छन् । त्यसभित्र इतिहासको कुनै घटना क्रम लुकेको हुन्छ । यसै क्रममा पशुपति जयवागेश्वरीस्थित रावण पाटीको सन्दर्भमा चलेको किंवदन्तीको उल्लेख गर्नु सान्दर्भिक छ ।

'एकदिन लंकाका राजा रावण बिरामी परेछन् । लंकापति राजा पेट दुखेर बिरामी भएको यो पहिलोपटक थियो । लंकाका सबै वैद्यहरूले लंकापतिलाई उपचार गरे तर निको भएन । विभिन्न उपचार विधि प्रयोग गरे, त्यतिबेलाको प्रविधि सबै प्रयोगमा ल्याए तर लंकापतिको पेट दुख्ने रोग निको बनाउन सकेनन् । अन्तिममा त्यहाँका सबै वैद्यहरूले नेपाल देशको देवपत्तन अर्थात ग्वल देशमा उपचार विधिमा पोख्त निपूर्ण वैद्य बस्ने र उनलाई देखाउँदा लंकापति राजाको रोगको निश्चय उपचार हुन्छ भनी राजालाई सल्लाह दिए ।

रावणले वैद्यहरूको सल्लाह अनुसार तत्काल लंकाका दूतहरूलाई नेपाल देशका वैद्यलाई लिएर ल्याउन आदेश

दिए । यहाँ आइपुग्दा वैद्य र वैद्यका श्रीमती सुतिरहेका थिए । त्यसपछि वैद्यका श्रीमतीलाई त्यही छोडी खाटै सहित बोकेर वैद्यलाई लंकामा ल्याई पुऱ्याए । लंकाका वैद्यले देवपत्तनका वैद्यलाई लंकापति निकै बिरामी भएको र लंकाका वैद्यहरूले उपचार गर्न नसकेकाले उनले नै उपचार गर्नु पर्ने बताए ।

वैद्यले तुरून्तै रावण बिरामी भएको कक्षमा गई जाँच पड्ताल गर्न लागे । सबै जाँच पड्ताल गरिसकेपछि लंकापतिले के खान्छन् भनी वैद्यलाई बुझ्न मन लागेछ । रावणले पहेलो (सुनौलो) बेसारको खाना खाने गरेको बुझे । त्यस्तै त्यहाँका जनताले सेतो चामल खाने बुझे ।

रावणले पहेलो सुनौलो खाना खाने तर जनताले सेतो खाना खाने भएकाले जनताले चोखे लगाए भनी बैद्यले बुझेछन् । यसरी जनताले चोखे लगाएको हुनाले राजा रावणको यो हालत भएको हो भनी बैद्यले सबै जनतालाई राजाले खाने खाना खुवाउनका लागि निम्तो दिन सल्लाह गरे । बैद्यको सल्लाह मुताबिक सम्पूर्ण जनतालाई राजाले खाने खाना खुवाउन निम्तो भयो ।

बैद्यले राजा सामु आफ्नो एक शर्त राखे । राजाले खाने जुन जडिबुटी हो, जुन बेसार हो, सो चाहि आफैंले राखेर खुवाउने बताए । त्यसपछि राजाले खाने मात्राभन्दा पहेलो बेसार तेब्बर मात्रामा राखी खाना तयार गरे । यसरी राजाले खाने पहेलो खाना टर्रो भयो । जनताले टर्रो (खाईसि) खाना खान नसके पछि राजाले यस्तो नमिठो टर्रो खाना खाने रहेछन्, बेकारको भोजन खाना आएछु भनि पछुताए छन् र जनताको चोख्या छुटेछ ।

जनताको चोख्या छुटेपछि राजाको स्वास्थ्यमा दिन प्रतिदिन सुधार भएछ । यसरी कसैले निको बनाउन नसकेको पेट दुख्ने रोग निको बनाएकोले राजा खुशी भएर बैद्यलाई एउटा दरबार बनाइदिए । जुन अहिले रावण पाटी भनी चिनिन्छ । त्यस्तै, कपनमा २०० रोपनी भन्दा बढी जग्गा जोडिदिएछन् । यसैगरी बैद्यले बेसारको बीउ पनि बक्सिस मागी नेपाल देशमा ल्याए ।'

पाटी पौवाहरू विरूप पार्ने या आधुनिकताको नाममा भत्काउँदै र मास्दै जाने हो भने साँस्कृतिक तथा ऐतिहासिक धरोहर लोप हुँदै जाने निश्चित छ । तीर्थयात्रीहरूका लागि पार्टी पौवा बनाउने हाम्रो पुरानो परम्परालाई हेरविचार र संरक्षण सम्बन्धित निकायले गरे यसको जगेर्ना हुने थियो ।❖

(स्रोतः नरोत्तम बैद्य) -पशुपति, काठमाडौं

जय गौमाता !

सडकमा वेवारिसे छाडिएका गाईबाच्छा, साँढेहरूको

संरक्षणमा हातेमालो गरौं ।

पृथ्वी सबैको साझा घर हो। यहाँ सबै प्राणीहरूले बाँच्न पाउने अधिकारको सुनिश्चितता गरौं। हरेक दिन गाईबाच्छाहरूका लागि केही दान गरौं। जन्मोत्सव, विवाहोत्सव आदि शुभकार्यहरू र अन्य उत्सव या स्मृतिमा गौमाताको सेवामा केही योगदान गरौं। आफू पनि बाँचौं र अवोध प्राणीहरूलाई पनि बचाऔं। सेवा नै सबैभन्दा ठूलो धर्म हो। जय गौमाता !

नन्दी सेवा स्थल

मन्दिर गाई बाच्छा बचाऊ तथा समाज विकास अभियान

फूल पसल लाइन, वनकाली, सम्पर्कः ९८०८२९७४८५, ९८४१२०४००६

छिट्टै प्रकाशन हुँदैछ



आफ्नो प्रति सुरक्षित राख्नुहोला !

वनकाली देवीको जात्रा गरिने

लामो समयदेखि बन्द भएको वनकालीदेवीको जात्रा यसपटकदेखि पुनः सञ्चालन गरिने भएको छ । बैशाख शुक्ल तृतीया अर्थात् अक्षय तृतीयाको दिन गरिंदैआएको यो जात्रा यसपटक यही बैशाख १० गते परेको छ ।

यस दिन माता वनकाली देवीको जात्रा गर्ने क्रममा देवीको प्रतिमालाई खटमा राखी पूजा गरेर बाजा गाजा सहित पशुपति क्षेत्रमा परिक्रमा गराउने चलन छ । वनकाली देवीको प्रतिमा (मूर्ति) लाई सोही जात्रा गर्ने दिन बिहानै गुठीका गुठियारहरूले भुवनेश्वरी मन्दिरबाट निकाली वनकाली लगेर राख्छन् । जात्रामा देवीको खटलाई पशुपति देवपत्तनको मुख्य मुख्य टोल घुमाइन्छ । यस्तै पशुपति मन्दिर चोक (प्राङ्गण) मा खट घुमाइ पुनः भुवनेश्वरी पुन्याएर मन्दिर प्रवेश गराएपछि जात्रा समापन भएको मानिन्छ । विगत वर्षहरूमा भने देपत्तनका अन्य क्षेत्रमा नघुमाई वनकाली मन्दिरबाट सिधै भुवनेश्वरी मन्दिरमा ल्याइ जात्रा समापन गर्ने चलन थियो ।

अनुष्ठानको पुरस्कार घोषणा

रूपकुमारी अध्यात्म सेवा अनुष्ठानको यस वर्षको 'रूपकुमारी अध्यात्म सेवा पुरस्कार' 'मायाघर' इटहरीलाई तथा 'रूपकुमारी अध्यात्म सेवा सम्मान' व्यासाचार्य श्री किशोर गौतमलाई प्रदान गर्ने निर्णय गरिएको छ । विगत सात वर्षदेखि असहाय बालबालिका, महिला तथा मानसिक रूपमा अस्वस्थ व्यक्तिहरूलाई आश्रय दिई सेवामा संलग्न उपकारी संस्था भएकोले मायाघर इटहरीलाई 'रूपकुमारी अध्यात्म सेवा पुरस्कार' र विभिन्न मन्दिर, गौशालाका साथै गुरूकुलहरूको स्थापना गर्नाका साथै नेपालको धर्म संस्कृतिको जगेर्ना गर्दै अध्यात्म सेवामा विशिष्ट योगदान पुन्याउनु भएकोले व्यासाचार्य गौतमलाई 'रूपकुमारी अध्यात्म सेवा सम्मान प्रदान गर्ने निर्णय गरिएको अनुष्ठानले जनाएको छ ।

अध्यात्म साधनामा जीवन व्यतित गर्दै ध्यानावस्थामै ब्रह्मलीन हुनुहुने रूपकुमारी पाँडे (भाषा-शिक्षा-साहित्यसेवी स्व. गोपाल पाँडे असीमकी धर्मपत्नी) को पुण्य स्मृतिमा उहाँका छोरीहरू रमा शर्मा, प्रा. डा. इन्दिरा शर्मा र गीता शर्माले वि.सं. २०६५ सालमा उक्त पुरस्कारको स्थापना गर्नुभएको हो । सो पुरस्कारको राशि जनही ५० हजार रहेको छ ।

विश्व शान्ति आध्यात्मिक जागरण यात्रा हुने

चरित्र निर्माण संघको आयोजनामा विश्व शान्ति आध्यात्मिक जागरण यात्रा हुनेभएको छ । यही वैशाख १० गते काठमाडौंको पशुपतिनाथ मन्दिरबाट शुरू हुने सो यात्रा सिन्धुली, बर्दिबास, जनकपुर, सिरहा, सप्तरी, सुनसरी हुँदै झापासम्म पुग्ने र त्यसपछि सो यात्रा पश्चिम महाकालीसम्म हुने स्वामी सच्चिदानन्द विशुद्धदेवका शिष्य पाशुपत योगी महात्मा सुशीलले जानकारी दिनुभयो । चरित्र निर्माण संघका संस्थापक एवम् परमप्रेरक विशुद्धोपनिषद् का उपदेशक तथा चरित्रविज्ञानका लेखक श्री १००८ स्वामी सच्चिदानन्द विशुद्धदेव ब्रह्मलीन हुनुभएको २२ औं पुण्यतिथिको अवसरमा स्वामी कल्याण मित्रको संकल्पमा सो आद्यात्मिक जागरण यात्रा हुन लागेको संघका महासचिव रमेश नकर्मीले जनाउनु भयो ।

चरित्र निर्माण संघको यहि बैशाख ५ गते सम्पन्न सञ्चालक समितिको बैठकले चरित्र निर्माण संघका अध्यक्ष स्वामी कल्याण मित्रलाई यात्राको संयोजक तोकेको छ । स्वामीजीका शिष्यहरूमा ब्रह्मश्री मित्र, कल्याण मित्र, श्रद्धानन्द, प्राणमूर्ति, सत्यव्रत, पञ्चशील, निलकण्ठ बाबा, द्रवेश बाबा, शशी भास्करम्, पाशुपत योगी महात्मा सुशील प्रमुख १० शिष्य रहेका छन् भने अनगिन्ति रूपमा भक्त र अनुयायीहरू छन् ।

विश्व हिन्दु महासंघको स्थगित चुनाव २१ गते हुने

गत २०७८ साल मंसिर २५ गते द्विपक्षिय विवादका कारण स्थगित भएको विश्व हिन्दु महासंघ अन्तर्राष्ट्रिय समितिको निर्वाचन यही बैशाख २१ गते हुनेभएको छ । जि.प्र.का. काठमाडौंले २०७८ साल पुन २० गते नै दुबैपक्षलाई बोलाई यथाशीघ्र निर्वाचन सम्पन्न गराउनु भनी हस्ताक्षर गराए पनि महासंघका पूर्व पदाधिकारीलाई सर्वोच्च अदालतमा मुद्दा हालिएको कारण समयमा निर्वाचन गर्न नसकिएको र हाल उक्त मुद्दाको किनारा लागेको र मुद्दाको मिसिल समेत प्राप्त भएकोले निर्वाचन प्रकृयामा अगि बढाइएको व्यासाचार्य किशोर गौतमले जानकारी दिनुभयो ।

डिप्रेसन गम्भीर प्रकृतिको मानसिक रोग हो ।

यसका लक्षणहरू

- दु:खी र निराश हुनु, कुनै कुरामा चाख र ध्यान केन्द्रित नहुनु,
- निद्रा धेरै लाग्नु वा नलाग्नु, थकान महसुस हुनु,
- कुनै पनि कुरामा खुशी नहुनु,
- जीवन मूल्यहीन ठान्नु र भविष्यप्रति आशावादी नहुनु,
- आत्महत्यासम्मको विचार आउनु,

यसबाट बच्न,

- परिवार, साथीभाइ तथा समाजमा घुलमिल हुने,
- नियमित रूपमा शारीरिक अभ्यास, योग तथा ध्यान गर्ने,
- निश्चित समयमा सुत्ने र उठ्ने,
- स्वस्थ र सन्तुलित खाना खाने,
- धुम्रपान र मद्यपानजस्ता कुलतबाट टाढा रहने,
- बाबुआमा तथा अभिभावकले बालबालिकालाई समय दिने,
- मानसिक समस्या देखिएमा तुरून्त स्वास्थ्यकर्मीसँग परामर्श गर्ने ।

नेपाल सरकार

विज्ञापन वोर्ड

अब गौरी मासिक इ-पत्रिकामा संसार भरि पनि पढ्न सकिन्छ ।
गौरी अब ईन्टरनेको माध्यमबाट पनि पढ्न सकिन्छ।
www.ushaeduhouse.com
मा गएर निःशुल्क, सशुल्क डोनेशनमा पढ्न सकिने जानकारी गराउँदछौं।
देश तथा विदेशमा रहनु भएका पाठक वर्गले सिधै सर्वसुलभ रूपमा पढ्न सक्नुहुनेछ।

THE VEGGIE THALI
Pashupati, Ktm, 9821976392
Thali
MO:MO
Chowmein
Tea/Coffee
& many more hygienic vegetable foods are available here
INDIAN | SOUTH-INDIAN | NEPALI | CHINESE
Catering facilities also available here

अरुणसिंह पण्डालवाला
प्रोपाइटर
ॐ
अरूणसिंह पण्डालवाला
गौरीघाट काठमाडौं, मोबाइलः ९८५१२५४२२४,९८४१७४२०९६, ९८४१७८४५०५
सेवाहरूः
वाटरप्रुफ पण्डाल, पाल, गेट, मञ्चका साथै सजावटका लागि सम्पर्क गर्नुहोला
साथै बत्ती, जेनेटर र साउन्डसिष्टमका निम्ति समेत सम्झनुहोला ।

नव वर्ष २०८०को पावन अवसरमा
हाम्रा समस्त ग्राहक महानुभावहरूमा हार्दिक शुभकामना !
शुद्ध, सफा र स्वादिष्ट नेपाली भोजनका लागि सदैव सम्झनुहोला ।
त्रिवेणी भोजनालय
क्षेत्रपाटी, काठमाडौं | फोनः ४२५१९८४

संस्कृत, नेपाली एवम् हिन्दी भाषामा समेत वेद, पुराण, ज्योतिष, कर्मकाण्ड आदि विषयमा विभिन्न धार्मिक पुस्तकहरू चाहिएमा सधैं सम्झनुहोला !
दुर्गा धार्मिक पुस्तक पसल
पशुपति, काठमाडौं
सम्पर्कः ९८४१५२१३५३

Your Printing Solution
"गुणस्तरीय छपाई, सुपथ मुल्य"
किशोर अफसेट प्रेश प्रा. लि.
गोल्कोपाखा, ठमेल, काठमाडौ, फोन: ०१-४०२२५४४

बनौं आदर्श नागरिक
वाइ वाइ
जसले अरुको भलाईमा आफ्नो खुशी खोज्दछन्
उसलाई वाइ वाइ सलाम गर्दछ ।
#banauaadarshnagarik
#बनौंआदर्शनागरिक

म.क्षे.हु.द.नं. १०/०६७/०६८

ॐ श्री परमात्मने नमः

गावो विश्वस्य मातरः

"गौरक्ष महायज्ञ"

तथा

श्रीमद्भागवत सप्ताह ज्ञान महायज्ञ

हार्दिक निमन्त्रणा

नेपालको इतिहासमा असहाय गाईबाच्छा संरक्षनार्थ सञ्चालन हुन गईरहेको गौरक्ष महायज्ञ तथा श्रीमद्भागवत सप्ताह ज्ञानमहायज्ञ यही मिति २०८० साल बैशाख २२ गतेदेखि २०८० बैशाख २८ गतेसम्म **वाचन प्रविण पण्डित श्री दिनबन्धु पोखरेल** ज्यूको मुखारविन्दबाट वाचन हुने संगीतमय श्रीमद्भागवत् महापुराण, अमृतमय कथा रस श्रवण गर्नुका लागि पाल्नुभई अक्षय पूण्यलाभ लिनुहुन हार्दिक अनुरोध गर्दछौँ ।

कार्यक्रमः

स्थानः गाईबाच्छा संरक्षण अभियान स्थल, कागेश्वरी मनोहरा-८,
गोठाटार, नयाँ तेजविनायक स्कुलसँगै

कलश यात्राः २०८० बैशाख २२ गते बिहान ८ बजेदेखि

समुद्घाटनः २०८० बैशाख २२ गते बिहान १०:३० बजे

प्रवचनः २०८० बैशाख २२ गते दिउँसो १:०० बजेदेखि

हरेक दिन पूजाः बिहान ७ बजेदेखि

कथा प्रवचनः २०८० बैशाख २३ गतेदेखि २७ गतेसम्म

समयः बिहान १०:३० बजेदेखि सुरु दिउँसो १:०० बजेसम्म

मध्यान्हः दिउँसो १:०० बजेदेखि १:३० बजेसम्म

प्रवचनः १:३० बजेदेखि ४:३० बजेसम्म

भजनकिर्तनः साँझ ६:३० बजेदेखि ८:०० बजेसम्म

समापनः २०८० बैशाख २८ गते ४ बजे प्रसाद ग्रहण सहित समापन

सम्पर्कः ९८५११७५७७७, ९८५१०४२००३, ९८४१५९७२५३

आयोजक

असहाय गाईबाच्छा संरक्षण अभियान तथा सप्ताह महायज्ञ मूल तयारी समिति

सहयोगी संस्थाः SPCA NEPAL